# झुलेनी पोष्ट

www.jhulenipost.com

वर्ष ८, अंक ३०, २०७८ माघ २५ मंगलवार (Jhuleni Post Weekly) 08 Feb. 2022 पृष्ठ ८, मुल्य रु. २०

साप्ताहिक



झुलेनी पोष्ट साप्ताहिक

विज्ञापन प्रकाशनका लागि सम्पर्क

०८६-५९०४३६

कार्यालय : प्यूठान न.पा.-४, विजुवार

Email : jhulenipyuthan@gmail.com


## गर्जेनी सम्झाउने त्यो लिवाङ 'ओखरपाटाको' दुर्घटना





गौमुखी ६, लिवाङमा जन्ती बोकेको जिप दुर्घटना स्थल । दुर्घटनापछि शोकमा रहेका घाइते दुलाहा दान बहादुर खड्का ।

**एलबी थापा**
**झुलेनी पोष्ट, प्यूठान**

गर्जेनी दुर्घटनाको झल्को दिने गरी प्यूठानमा शनिवार विबाहको जिप दुर्घटनामा परेको छ। लगातारको हिउँदे झरी संगै बेहुली लिएर गएको जिप दुर्घटना हुँदा ८ जनाले ज्यान गुमाएका छन् । दुर्घटनाले गौमुखी गाउँपालिका-६, को लिवाङ गाउँ शोकमा डुबेको छ । बिहिवार र शुक्रवार दिनभर पानी परेकोले सडक चिप्लो थियो। शुक्रवार राति दुलही लिएर गएको गएको ग १ ज ५०९२ नं. को जिप दुर्घटनामा ६ जना घटनास्थलमै र २ जनाको उपचारका क्रममा मृत्यु भएको हो। एकै परिवारका ३ सहित उज्यालो नहुँदै भएको विवाहको जन्ती बोकेको जिप दुर्घटनाको खबरले २०६१ साल माघ ८ गते गर्जेनीमा भएको घटनालाई सम्झाएको छ । यो दुर्घटनामा विजुवार टारी स्थित एकै गाउँका ४१ जनाले ज्यान गुमाएका थिए । ट्र्याक मात्र खोलिएका सडकमा ओभरलोड सहित पुराना सवारी साधन यात्रुका लागि काल बनेका छन् । यस्तै सडकमा गाडि चल्दा शनिवारको लिवाङ दुर्घटनामा एकै परिवारका ३ जना बसन्त खड्का, श्रीमती बसन्ता खड्का र छोरी एलिसा खड्का सहित खिमबहादुर खत्री, नन्दी खड्का, केशरी खड्का, बल बहादुर बुढा मगर, बिपना जि.सी.को मृत्यु भएको हो । 'चालकले सडकमा खसेको ढुङ्गा छल्न खोज्दा दुर्घटना भएको हुन सक्ने देखिन्छ', प्यूठान प्रहरी प्रमुख सत्यनारायण थापाले भने, 'वर्षाले भिजेको सडकको छेउबाट गाडी खसेको छ ।' पीडितको तत्काल उद्धार हुन नसकेकाले मृत्यु हुनेको संख्या बढी रहेको थापाले बताए। दुर्घटनामा दुलाहा दान बहादुर खड्का र दुलही रिमा जि.सी. घाइते छन् । 'म लामो समयसम्म

बाँकी ५ पेजमा.....

### यसरी भयो दुर्घटना !

शुक्रवार साँझ ४/५ बजे लिवाङबाट दुलही लिन नौबहिनी गाउँपालिका-६,लुङमा जन्ति लिएर जिप हिडेको थियो। घरबाट हिंडेको करिव डेढ दुई घण्टामा दुलाहा दान बहादुर खड्का आफ्ना छिमेकी र नातेदार सहित लुङ पुगेका हुन्। दुलहीको घरमा केंहिं नियमित नित्य कर्म टिका र मालासँगै माइती पक्षले दुलही रिमा जि.सी.लाई अन्माएर कर्मघर पठाए। यहाँबाट हिंड्दा राती करिब ११ बजेको थियो । शनिवारको दिन नयाँ घर प्रवेशमा शुभ नहुने धार्मिक मान्यताका आधारमा १२ नबज्दै दुलही लिएर खड्का परिवार हिडेका हुन् । जन्तीको जिपमा दुलाहा तर्फका परिवार बाहेक दुलहीसँगै उनकी बहिनी बिपना र साबित्रा जि.सी. सवार थिए । बिपनाको दुर्घटना स्थलमै ज्यान गएको छ भने साबित्रा उपचाररथ छिन्। लुङ देखि लिवाङ र लिवाङ देखि लुङ पैदल हिड्न करिब डेढ दुई घण्टाको बाटो हो । तर जिप वा गाडीमा यत्ति नै समय

बाँकी ५ पेजमा.....

### जीवनको रङ्ग

## बाख्राले पालेको छ के.सी. परिवार

**एलबी थापा**
**झुलेनी पोष्ट, प्यूठान**



गौमुखी गाउँपालिका ६, लिवाङमा पदम के.सी.ले पालेका बोयर क्रस बाख्रा ।

यहाँका युवक ६ वर्षदेखि बाख्रापालन र नर्सरी खेतीमा रमाइरहेका छन् । यो पेशा आफ्ना लागि ब्यवसाय भन्दा पनि नसा बनेको यिनको अनुभव छ । गौमुखी गाउँपालिका ६, लिवाङका पदम बहादुर के.सी.ले आफू २२ वर्षको हुँदादेखि पशुपालनमा लागेका हुन् । उनी अहिले २८ वर्षका भए। 'आम्दानीका लागि १/२ ठाउँ जागिर पनि गरे', उनले भने, 'जागिरले घर गुजारा नचलेपछि ब्यवसाय थालेको हुँ ।' 'सुरुमा २० वटा बाख्राबाट ब्यवसाय थालेको हुँ', उनले भने, 'त्यसपछि ५० देखि ८० वटा बाख्रासम्म पुऱ्याएको थिएँ ।' 'अहिले बिक्रि भएर घटेपनि अरु ब्याउने छन्', उनले भने। जागिरका लागि थुप्रै ठाउँ धाएका के.सी.ले बिदेश जाने सोंच भने बनाएनन् । ऋण काढेर २० बाख्रा खरीद गरेका उनको फर्ममा अहिले ५२ वटा बाख्रा छन् । यि मध्ये २० वटा बाख्रा बोयर क्रस हुन् । बाख्रापालनबाट वार्षिक सरदर ३ देखि ५ लाख सम्म आम्दानी बचाउने गरेको उनको भनाई छ। के.सी.का अनुसार खसी, बोका, पाठा, पाठी र बोयर क्रस माउ बाख्रा बिक्रिबाट नियमित आम्दानी हुने गरेको छ। सुरुमा गाउँकै बोर्डिङ स्कुलमा ४ हजारको जागिर र त्यसपछि सडक बिभागमा १८ हजारको जागिर गरेको उनले बताए । 'बोर्डिङको जागिरले घर खर्च पुग्दै पुग्दैनथ्यो ', उनले भने, 'सडक बिभागको जागिरले पनि डेरा खर्च ठिक्क हुन्थ्यो ।' समाचार र

बाँकी ५ पेजमा.....

### हाम्रो नजर

## मा.वि. चलाउन आर्थिक संकलन अभियान



मा.वि. स्कूल सञ्चालनमा सहयोग गर्न अनुरोध पत्र गाउँपालिका अध्यक्षलाई हस्तान्तरण गर्दै

*गौमुखी गाउँपालिका-५, खुङमा माध्यामिक विद्यालय सञ्चालन गर्न चन्दा संकलन अभियान थालिएको छ। २०२० सालमा स्थापना भएको जनसहयोगी आधारभूत विद्यालय कक्षा ८ सम्म सञ्चालनमा छ। अहिले कक्षा ८ मा ३६ जना विद्यार्थी पढ्छन्। यिनीहरुलाई गाउँमै कक्षा ९ पढ्ने सुविधा छैन। थप पढ्नका लागि यहाँका विद्यार्थीहरु गाउँदेखि टाढा जानुपर्ने बाध्यता छ। यहाँ मा.वि. नहुँदा नारीकोट, ठुलावेसी र गुल्मिको अग्लुङ जानुपर्ने समस्या रहेको अभिभावकहरुको गुनासो छ। मा.वि. तहको पढाइका लागि विद्यार्थीहरुलाई कठिनाई भएको भन्दै विद्यालय व्यवस्थापन समितिले पुस २५ गते मुल आयोजक समिति गठन गरेको थियो। यो समितिले मा.वि. सञ्चालनका लागि माघ महिना लागेदेखि चन्दा संकलन अभियान चलाएको संयोजक निराजन मल्लले बताए।*

*अहिलेसम्म करिब ४८ लाखभन्दा बढी रकम संकलन भइसकेको उनको भनाई छ। चन्दा संकलनका लागि समितिका मुल आयोजक समिति बनाएर संकलन अभियान चलिरहेको वडा अध्यक्ष हुम बहादुर के.सी.ले बताए। अहिलेसम्म संकलन अभियानमा गाउँका सबैजनाको साथ रहेको उनले बताए। माध्यामिक तहको कक्षा सञ्चालनका लागि गाउँपालिकाबाट स्विकृत पाएको बताउँदै व्यवस्थापन समिति अध्यक्ष बरुणध्वज मल्लले सामाजिक सञ्जाल, गाउँका अगुवा बुद्धिजिवी र गाउँबाट जिल्ला बाहिर बसाइ सरेका ब्यक्तिहरुले सहयोग गरेको बताए। गाउँका विद्यार्थीहरुलाई शिक्षाको उज्यालो छर्ने अभियानमा सहयोग गर्ने सहयोगदाताहरुलाई विद्यालयले औपचारिक कार्यक्रमको आयोजना गरी सम्मान कार्यक्रम गरीने उनको भनाई छ। आगामी शैक्षिक सत्रबाट मा.वि. तहको कक्षा ९ सञ्चालन गर्ने गरी आर्थिक सहयोग संकलनको काम भइरहेको हो।*

## विवाह बज्दैनन् पञ्चेबाजा




प्यूठान न.पा. ४ विजुवारमा दुलहि लिन जाँदै गरेका पञ्चेबाजा सहितको जन्ति टोली

विवाह, पर्व, मेला र उत्सवमा पञ्चेबाजा बजाउने चलन पछिल्लो समय लोप हुँदै गएका छन्। गाउँमा पञ्चेबाजा बजाउँदै गरीने विवाहको रौनकता बेग्लै हुन्थ्यो। बाजा ताल धेरैलाइ मन पर्ने परम्परागत धुन हो। चौरासी पुजा र विवाहमा बजाउने सनाई, थौकुडी, टेम्कुली, झ्याली र बाजा तालमा कम्मर ढल्काए खुवै नचरी लाग्थ्यो। आजभोली भने परम्पारागत बाजा ताल लोप हुँदै गएको छ। विवाह र उत्सवमा डेक बजाएर नाँच्ने प्रचलन बढेको छ। होटेल, रेष्टुरेन्ट र पार्टी प्यालेसमा विवाह गर्ने प्रचलन बढेको हो। गाउँबाट विवाह गर्नका लागि युवा युवतीहरु बजारका खुलेका पार्टी प्यालेसमा झर्ने क्रम बढ्दो छ। पञ्चेबाजा बजाउनेहरुको गुजारा चल्न छाडेपछि उनीहरु बैकल्पिक पेशा खोज्न बाध्य छन्। यो सँगै परम्परागत पञ्चेबाजा र मौलिकता पनि लोप हुन थालेको हो। साउण्ड सिस्टम र डेक बजाएर नाँच्ने चलन झनै बढेको छ। नयाँ युवा पुस्तामा देखासिकीमा विवाह गर्ने चलन बढ्दा गाउँघरमा परम्परागत विहे गर्न छोडेका हुन्। युवा पुस्ताले परम्परागत बाजा बजाउन छोड्नु र आधुनिकतासँगै रेडिमेट गितको प्रयोग बढ्नाले मौलिकता हराएको हो।

झुलेनी पोष्ट सम्पादकीय....

## दुर्घटनाको दोषीलाई कारवाही गर

*हाम्रा ग्रामीण सडकहरु काल मार्गमा परिणत हुँदैछन्। दशा लागेपछि कसको के लाग्छ ! मान्छेको दिन आएपछि ओछ्यानबाट लडेर पनि मरिन्छ भन्दै दुर्घटनाका नाममा हुने हत्यालाई आँखा चिम्लिनु झन् ठूलो अपराध हो । आफ्नो भाग्यलाई दोष दिएर वा सतीले सरापेको देश भनेर दुर्घटना न्यूनीकरण गर्ने नीति नियम बनाएर कार्यान्वयन नगर्नेहरूको हातमा शासन सत्ता सुम्पिने जनता अब सचेत र जिम्मेवार हुनैपर्छ । २०६१ साल माघ ८ गते भालुबाङ प्यूठान सडक खण्ड अन्तर्गत गर्जेनीमा कहाली लाग्दो जन्ती बस दुर्घटना भयो । उबेलाको कच्ची बाटोमा बस खसेर दुलाहा सहित ४१ जनाले अकालमा ज्यान गुमाएका थिए । यस पछि जिल्लामा दर्जन बढी दुर्घटना भएका छन् । यही सडकको बगासोती, गोठिबाङ, स्वर्गद्वारीको रुमाले, चेरनेटा, खलंगा लगायत दर्जनौ स्थानमा भएका दुर्घटनामा सयौं जनाले अकालमा ज्यान गुमाएका छन् । बिग्रेको सडक, क्षमता भन्दा बढी यात्रु, ठूलो मात्रामा सामानको भार, गाडीको खराबी, चालकको लापरबाही र कच्ची बाटोका कारण पटकपटक दुर्घटना हुने गरेको छ ।*

*फेरि यहि माघ २२ गते नौबहिनी गाउँपालिकाको लुङबाट गौमुखी गाउँपालिकाको लिबाङ दुलही लिएर जादै गरेको जीप दुर्घटना हुँदा ८ जनाले अकालमा ज्यान गुमाउन परेको छ । यो दुखद घटनाले सबैलाइ मर्माहित बनाएको छ । प्रत्येक ठूला दुर्घटनापछि केही दिन रोकथामबारे चर्चा चल्छ तर समयसँगै पीडित परिवार बाहेक सबैले भुल्दै जान्छन् । गाडीचालक, सहचालक, गाडी मालिक, रुट परमिट दिने निकाय लगायतका सबै सरोकारवाला माथि अनुसन्धान गरेर दोषीलाई हदै सम्मको सजाय दिइनुपर्छ । दुर्घटनापछि सरोकारवाला निकायले दुर्घटना न्यूनीकरणका लागि गर्ने प्रतिबद्धता भाषणमा मात्र सीमित भएको छ । अनि छानबिन समितिले दिएको सुझाव कार्यान्वयन गरिदैन ।*

*गर्जेनी दुर्घटना पछि छानबिन समितिले सुझाव दिएको थियो । यसको कार्यन्वयन अहिलेसम्म भएको छैन । धकेलेर स्टार्ट गर्नुपर्ने खराब गाडीहरू कसरी प्रहरीको नजरबाट जोगिएर यमदूत बनेर सडकमा निर्धक्क गुड्छन् ? गाडी नियमित मर्मत नगर्ने र अत्यन्त पुराना गाडीहरूको रुट परमिट खारेज किन गरिदैन ? निश्चित समयमा गाडी चेकजाँच गर्नैपर्ने बाध्यात्मक नियम बनाएर कार्यान्वयन किन गरिदैन ? उडेर होस् वा गुडेर गन्तव्यमा पुगिएछ भने दर्शन गर्न आउनेछु भनेर देवीदेउतालाई भाकल गरेर हिँड्नुपर्ने अवस्था कहिलेसम्म जनताले सहेर बस्ने ? सबै सम्बन्धित पक्षले जवाफ दिनुपर्छ । धेरै पुराना र गुड्ने अवस्थामा नभएका गाडीलाई प्रतिबन्ध लगाउनुपर्छ। नाजुक अवस्था भएका सडक तत्काल मर्मत गर्नुपर्छ अनि बाटो गुणस्तरीय नबनाउने ठेकेदार र जिम्मेवार सम्बन्धित सबै निकायलाई कारबाही गर्नुपर्छ । जथाभावी मापदण्ड विपरीत सडक बनाउन स्थानीय तहलाई दिनु हुँदैन ।*

# संघीय शासन बचाउन स्थानीय निर्वाचन तत्काल घोषणा गर



सागर पण्डित

प्रधानमन्त्री शेरबहादुर देउवाले केही दिनअघि निर्वाचन आयोगसँग भएको छलफलमा स्थानीय तहको निर्वाचन जेठमा गर्ने प्रतिबद्धता जनाए पनि निर्वाचनको मिति नतोकिँदा अझै पनि केही संसय देखिएको छ । यद्यपि, प्रधानमन्त्रीले प्रतिबद्धता व्यक्त गरिसकेकाले छिट्टै निर्वाचनको मिति घोषणा हुने विश्वास गरिएको छ । आमजनता छिट्टै स्थानीय तहको निर्वाचन समयमा नै होस् भन्ने चाहनामा छन् र छिटोभन्दा छिटो मिति घोषणा गरी स्थानीय तहको निर्वाचनको माहोल सिर्जना गर्नुपर्नेमा जनताको एकमत छ । स्थानीय तह निर्वाचन ऐन, २०७३ अनुसार देशभरका ७ सय ५३ स्थानीय तहको म्याद यही ५ जेठ, २०७९ साल सकिने भएकाले त्यस अगावै निर्वाचन हुन सकेमा स्थानीय तहले पदाधिकारीविहीनताको अवस्था भोग्नुपर्दैन । त्यसो हुन सकेमा संघीय लोकतान्त्रिक व्यवस्थाको मर्म पनि मर्दैन । त्यसैले पनि अब छिटोभन्दा छिटो स्थानीय तहको निर्वाचन मिति तोक्ने कार्यमा ढिलाइ गर्नुहुँदैन । सरकारले छिटो मिति तोकेर स्थानीय तह निर्वाचनको माहोल सिर्जना गर्न सक्नुपर्छ ।

निर्वाचन आयोगले पछिल्लो पटक पनि यही जेठ ४ गते एकै चरणमा निर्वाचन गर्न सकिने भन्दै सोही दिन निर्वाचन गर्ने गरी घोषणा गर्न सरकारलाई परामर्श दिइसकेको छ । आयोगले धेरै विषयको गाम्भीर्यतालाई बुझेर जेठ ४ गते निर्वाचनको मिति तोक्न सरकारलाई परामर्श दिएको हो । प्रधानमन्त्री शेरबहादुर देउवाले पनि आयोगका पदाधिकार ीसँगको छलफलमा आयोगले सिफारिस गरेकै मितिमा स्थानीय तहको निर्वाचन गर्ने आश्वासन दिइसकेका छन् । तर, पनि प्रधानमन्त्रीले आश्वासन दिएको झन्डै एक साता बित्नै लाग्दा समेत सरकारले स्थानीय तहको निर्वाचन मिति तोक्न सकेको छैन । मिति तोक्न जति ढिलाइ गरिन्छ त्यति नै विभिन्न खाले षड्यन्त्र बुनिन सक्ने भएकाले पनि त्यसतर्फ सरकार सचेत र सजग रहनुपर्छ । सुरुमा सत्ता गठबन्धनले स्थानीय तहको निर्वाचनलाई विभिन्न बहाना बनाएर सार्न खोजिरहेको थियो। केही कथित कानुन व्यवसायीले समेत संविधान र ऐनको वर्खिलाप हुनेगरी स्थानीय निर्वाचन सार्न सरकारलाई उक्साइरहेका थिए । तर, स्थानीय तहको निर्वाचन सार्ने हरेक प्रकारका प्रयास असफल भएका छन् । तर, सरकारले मिति नतोक्दा भने केही संसय अवश्य पनि पैदा भएका छन् । त्यसैले त्यस्ता सबै खाले संसयलाई अन्त गर्न सरकारले छिटोभन्दा छिटो मिति तोकेर निर्वाचनको उपयुक्त माहोल सिर्जना गर्न अब एक मिनेट पनि ढिलाइ गर्नुहुँदैन ।

किनकी, जति ढिलो हुन्छ त्यति नै निर्वाचन आयोगलाई निर्वाचन गराउन असहज हुन्छ । सामान्यतः आयोगलाई निर्वाचनका लागि १ सय २० दिनको समय चाहिन्छ । तर, पनि फास्ट ट्र्याकमार्फत निर्वाचन गराउन र आयोगले धेरै तयारी पनि गरिसकेकाले ८३ दिन बाँकी रहँदा पनि निर्वाचन सफलतापूर्वक सम्पन्न गराउन सकिने आयोगले स्पष्ट पारेको छ । मुलुक संघीय शासन प्रणालीको अभ्यासमा रहिरहँदा स्थानीय तहले पहिलोपटक आफ्नो पाँचवर्षे कार्यकाल पूरा गर्ने बेला आइसकेको छ र दोस्रो कार्यकालका लागि फेरि निर्वाचन हुने तयारी थालिएको छ यो सामान्य कुरा होइन । दोस्रोपटक समयमा नै हुने स्थानीय तहको निर्वाचनको ऐतिहासिक महत्त्व छ । स्थानीय तहले आफ्नो पाँचवर्षे कार्यकाल सफलतापूर्वक सम्पन्न गरेर दोस्रो कार्यकालको निर्वाचन पनि समयमा नै सम्पन्न भएर दोस्रोपटक स्थानीय तहको पदाधिकारी निर्वाचित हुने अवस्था आउनुले हाम्रो संघीय शासन अझै मजबुत हुँदै गइरहेको सन्देश विश्वव्यापी रूपमा नै दिन सकिन्छ । त्यसैले पनि यो दोस्रो निर्वाचनको विशेष महत्व छ । स्थानीय तह संघीय शासन प्रणालीको प्राण जस्तै हो । यदि, स्थानीय तहलाई कमजोर बनाउने काम भयो भने त्यस्तो कार्यले संघीय शासन प्रणाली असफल बन्न सक्छ भन्नेमा सबै पक्ष गम्भीर बन्नै पर्छ ।

स्थानीय तहको निर्वाचन समयमा नै हुनु भनेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासनव्यवस्थाको जित हो भन्नेमा दुईमत छैन । सरकारमा रहेका सत्तागठबन्धन दलका नेताले साँच्चै नै मनैदेखि विधि र पद्धतिको कुरा गरेका हुन् भने उनीहरू सबै जना स्थानीय तहको निर्वाचन जेठ ४ गते नै गर्न तयार हुनुपर्छ। तर, विडम्बना सत्तारुढ गठवन्धनका कतिपय नेताले स्थानीय तहको निर्वाचनलाई राजनीतिक दाउपेचको विषय बनाइरहेका छन् । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको जितभन्दा पनि आफ्नै पार्टीगत र व्यक्तिगत जितको अभिलाषामा उनीहरू रहेका छन् । स्थानीय तहको निर्वाचन जति ढिलो गर्न सकिन्छ त्यति आफूहरूलाई फाइदा हुन्छ भन्ने दलीय स्वार्थ राख्ने परिपाटीले शासन व्यवस्थाको संस्थागत विकासमा गम्भीर धक्का लाग्छ भन्ने सोच उनीहरूमा पलाउन नसक्नु घोर विडम्बना र आश्चर्य भएको छ । केही समय स्थानीय तहको निर्वाचन सार्ने षड्यन्त्र निकै भए । अहिले पनि मिति नतोक्दासम्म स्थानीय तहको निर्वाचन पर धकेल्ने षड्यन्त्र रोकिएको छैन भन्ने कुरा सहजै बुझ्न सकिन्छ । यदि, असंवैधानिक रूपमा स्थानीय तहको निर्वाचन सारेको भए संघीय लोकतान्त्रिक शासन व्यवस्था अझै कमजोर भएर जान्थ्यो तर पनि चौतर्फी दबाबका कारण सरकार बाध्य भएर निर्वाचन गराउने आन्तरिक तयारीमा जुटेको सन्देश भने दिइनै रहेको छ । यस तयारीअन्तर्गत बुधबार मात्रै गृहमन्त्रीले सुरक्षा निकायका सबै प्रमुखलाई बोलाएर निर्वाचन केन्द्रित सुरक्षा योजना बनाउन निर्देशन दिएका छन् । यसलाई सकारात्मक रूपमा लिनुपर्छ ।

संघीय शासन व्यवस्था भनेकै जनताको घरदैलोमा सेवा दिने शासन हो। यो शासन व्यवस्थाको मुख्य आधार भनेकै स्थानीय तह हुन् । स्थानीय तहले गर्ने काम र त्यसको सफलताले संघीय शासन प्रणालीको सफलता र असफलता निर्धारण गर्छ । संविधानमा स्थानीय तहलाई एक दिन पनि जनप्रतिनिधिविहीन राख्न सक्ने व्यवस्था गरिएको छैन । त्यसैले पनि ५ जेठ अघि नै निर्वाचन भएर छिटोभन्दा छिटो नयाँ पदाधिकारी आउन जरुरी छ । स्थानीय तह जनतासँग प्रत्यक्ष सम्बन्ध राख्ने तह हो । यसमा अध्यक्ष उपाध्यक्ष र वार्ड अध्यक्ष नभएमा जनताका सबै काम पूर्णरूपमा रोकिन्छन् । कर्मचारीले जनप्रतिनिधिले गर्ने काम गर्न नसक्ने भएकाले पनि स्थानीय तहमा पदाधिकारी नहुँदा ती निकाय पूर्णरूपमा अपांग र पक्षघात जस्तै हुनेछन्। त्यस्तो अवस्थामा केन्द्रीय सरकार मात्रै असक्षम हुँदैन कि आमजनतामा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था माथि नै घृणा पैदा हुन सक्छ । लामो समयसम्म पदाधिकारी नहुने अवस्था आएमा जनताले स्थानीय तहबाट दैनिक पाउने सेवासुविधाबाट उनीहरू वञ्चित हुन पुग्छन् । त्यस्तो अवस्थाले मुलुकमा शासकीय संकट समेत सिर्जना हुन सक्छ । अब कुनै पनि राजनीतिक दलले स्थानीय तहको निर्वाचनलाई आफ्नो राजनीतिक स्वार्थ र दाउपेचको विषय बनाउनुहुँदैन । निर्वाचनमा राजनीतिक दलको हार जित होला, यो त सामान्य विषय हो ।

तर दोस्रोपटक समयमा नै हुने यो आवधिक निर्वाचनले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था भने विजयी हुनेछ । केही अपवादलाई छोडेर हिजोका दिनमा धेरै स्थानीय तहले राम्रो र प्रभावकारी काम गर्न सकेका छन् । जनतासँग प्रत्यक्ष रूपमा घुलमिल हुने निकाय स्थानीय तह भएकाले पनि यसले जनताको सुखदुःखमा समेत साथ दिने गरेको छ । आमजनताको वास्तविक मित्रका रूपमा रहेको स्थानीय तहको निर्वाचन केन्द्रिय निर्वाचनभन्दा केही फरक प्रकृतिको हुन्छ । जुन पार्टी र व्यक्तिले स्थानीय जनताको मन जित्न सकेको छ त्यसैलाई जनताले छनोट गर्ने गर्छन् । अब हुने स्थानीय तहको निर्वाचनमा स्थानीय जनता निकै सतर्क र संवेदनशील बन्नुपर्ने देखिएको छ ।

निर्वाचनमा पैसाको खोलो बगाएर जित हासिल गर्न खोज्नेलाई जनताले हराइदिनुपर्छ । इमानदार, कर्तव्यनिष्ट र आमजनताको समस्यालाई आफ्नै समस्या ठान्ने व्यक्तिलाई जिताउन सकियो भने त्यस्तो व्यक्तिले गाउँघरको विकास र समृद्धिमा विशेष ध्यान दिन सक्छ र सेवाप्रवाहलाई पनि प्रभावकारी बनाउन सक्छ । सरकारले घोषणामा ढिलाइ गरे पनि आमजनताको मनोविज्ञान स्थानीय तहको निर्वाचनतर्फ केन्द्रित भइसकेको छ । त्यसैले निर्वाचन घोषणामा हुने ढिलाइले जनताको अवमूल्यन गर्ने भएकाले पनि जनताको भावनाको सम्मान गर्न पनि छिटोभन्दा छिटो स्थानीय तह निर्वाचनको मिति तोक्नुपर्छ । फेरि पनि भन्नैपर्छ निर्वाचनको मिति तोक्न विलम्ब नगर ।

*राजधानी दैनिकबाट साभार*

झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित समाचारमूलक पत्रिका
झुलेनी पोष्ट साप्ताहिक

# राजनीतिले गिजोलेको एमसिसी



नेपाली बानीबेहोराको सामान्य चर्चाबाट आजको आलेख सुरु गरौँ। केही अपवाद छाड्ने हो भने आमनेपाली बानी नै हो हरेक काम अन्तिम समयमा मात्र गर्ने। नगरी नहुने भएपछि मात्र गर्ने। तर यो बेहोराले स्वयम्लाई कति सुमर्छ थोरै पनि फर्केर हेर्ने हो भने स्पष्ट देखिन्छ यहाँ हरेकले आफैँलाई नारायणहरि बनाइरहेछन्। अल्छी, ढिलासुस्ती, मिचाहा, मेख मार्ने र बालका खाल निकाल्ने बानीबेहोराबारे आत्मसमीक्षा गर्दै गहिरो चिन्ता प्रकट गरे पनि आज चर्चा गर्न लागिएको व्यक्तिको होइन, राष्ट्रिय क्षतिको हो। नागरिक दैनिकबाट साभार । व्यक्तिगत लाभ-हानिको कुरा छाडौँ, राष्ट्रिय क्षति, दुरूपयोग र हानिको हिसाब कहालीलाग्दो छ। सानातिना स्वार्थ, मपाईंत्व र कुटिल तुष्टि पूरा गर्ने नाउँमा भएको राष्ट्रिय क्षति र दुरूपयोग सोचेभन्दा ज्यादै चरम र भयाबह देखियो। कुनै परीक्षामा सहभागी हुनु छ भने हामी अन्तिम दिन त्यो पनि डबल दस्तुर तिरेपछिको सातौँ दिनमा मात्र फर्म भर्न कलेज वा स्कुल अथवा लोकसेवामा पुग्छौँ। त्यहाँ फोटो होस् वा फोटोकपी अथवा अन्य कागजात नपुगेपछि थप हैरानी सुरु हुन्छ। त्यसमाथि भीडभाडले टेन्सन र अलमल यति हुन्छ कि भनिसाध्य हुँदैन। तर के यो काम समयमै गर्न सकिँदैनथ्यो? अवश्य सकिन्थ्यो। निच मारेर हामी अलमल गर्छौं, बरालिन्छौँ र डबल जरिवाना तिरेर शान्तिको लामो सास फेर्छौं। हाम्रा हरेक व्यवहार अन्तिम दिन र अन्तिम क्षणमा यसैगरी हुने गर्छन्। जस्तासुकै काम पनि प्रेसरमा गर्नुपर्ने नियतिबाट हामीले कहिले मुक्ति पाउने होला? यतिखेर बहुचर्चित अमेरिकी सहयोग एमसिसी (मिलेनियम च्यालेन्ज कर्पोरेसन) सँगको अनुदान सम्झौता पनि त्यही नियतिको सिकार बनिरहेको छ। संसद्बाट पारित गर्नुपर्ने यो संझौता सुरुवातको मितिबाट हिसाब गर्दा दुई दशकदेखि र नेपालमा लन्ठिरहेको मितिबाट हिसाब गर्दा लगभग पाँच-सात वर्षदेखि सत्ता परिवर्तन, गठबन्धन र मन्त्री बन्ने/नबन्ने राजनीतिक खिचातानीको विषय बनिरहेको छ। आखिर के हो यो एमसिसी? यो कहाँबाट, कहिले र कसरी सुरु भयो? राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष स्वर्णिम वाग्ले भन्छन्, सन् २००१ सेप्टेम्बर ११ मा आतंकवादीले ट्विन टावर ध्वस्त र अमेरिकी रक्षा मन्त्रालय पेन्टागनमा आक्रमण गरेपछि त्यसको कारणबारे गहिरो खोजी हुन थाल्यो। संयुक्त राष्ट्र संघको आयोजनामा सन् २००२ मार्चमा मेक्सिकोको मोन्टेरो सहरमा 'विकासका लागि लगानी' सम्मेलन भयो। उनले थपे, रोमन साम्राज्यको अन्त्यको दुई हजार वर्षपछि त्यत्तिकै शक्तिशाली बनेको अमेरिकामा कसरी यस्तो घातक हमला संभव भयो? यसबारे अनेक विचार प्रकट भए। अमेरिकाले आफूमात्र सम्पन्न बन्ने र अरूको विकासमा उल्लेख्य सहयोग नगर्ने हो भने जटिलता अझै थपिने चर्चा भयो। त्यसैले अमेरिकाले आफ्नो पक्षमा लाग्ने देशहरूलाई मात्र पोस्ने होइन कि आफ्नो सहयोग नीतिमा पुनर्विचार गरेर विश्वव्यापी नयाँ नीति अगाडि ल्याउनुपर्छ। विपन्न देशहरूको अवस्था सुधार गर्न 'सफ्टवेर' मा मात्र होइन, 'हार्डवेयर' मा धनराशी लगानी गर्नुपर्छ। तिनको मेरुदण्डलाई दह्रो बनाउनुपर्छ। एक टिभी अन्तर्वार्तामा वाग्लेले भने, मोन्टेर सम्मेलनमा अमेरिकाले घोषणा गऱ्यो, ठीक छ विपन्न देशहरूको पूर्वाधार विकासका लागि सहयोग गर्न अमेरिका तयार छ तर निरपेक्ष होइन। विधिको शासन, आर्थिक स्वतन्त्रता र आफ्नै जनतामा लगानी गर्ने मुलुकहरूलाई मद्दत गर्नमात्र संयुक्त राज्य अमेरिका कटिबद्ध छ। यो घोषणाअनुरूप काम गर्न अमेरिकाका दुवै पार्टी (रिपब्लिकन र डेमोक्रेटिक) सहमत भए। सन् २००२ को घोषणाअनुरूप २००४ मा अमेरिकी संसद्ले कानुन नै बनायो र सन् २००५ देखि एमसिसी कार्यक्रम सुरु नै भयो। अहिलेसम्म ५० देश यो कार्यक्रममा सहभागी भएका छन्। ऋण होइन, अनुदान भएकाले यसको समयसीमा अलि कठोर नै छ। अमेरिकाले दिने गरेका अन्य विकास सहयोग कार्यक्रममा भएका कमजोरीलाई एमसिसीमा सच्याउन पनि खोजिएको छ। यो कार्यक्रम सुरु भएको पाँच वर्षभित्र सक्नै पर्ने सर्त छ। यी सबै कुरा प्रत्याभूत भएपछि मात्र एमसिसी कार्यक्रम सुरु हुन्छ। नेपालको हकमा एमसिसी कार्यक्रमअन्तर्गत सडक, हाइटेन्सन लाइन र बुटवलबाट भारतको गोरखपुरसम्म अन्तरदेशीय लाइन विस्तार गरिने कार्यक्रम पनि छ ताकि नेपालमा उत्पादन भएको बिजुली भारतमा सहजै निर्यात गर्न सकियोस्। अमेरिकाले ५५ अर्ब नेपाली रुपियाँ नेपाललाई सहयोग गर्ने उल्लेख छ।

वाग्ले दावा गर्छन्, त्यो सहयोग रकमबाट जे पूर्वाधार बनाउने भनिएको छ, त्यो नेपालीले बनाएको मास्टर प्लानअन्तर्गत नै हो जसमा कुलमान घिसिङ, अरविन्दकुमार मिश्र, हितेन्द्रदेव शाक्य, डा. शंकर शर्मालगायत नै लाग्नुभएको थियो। तर एमसिसीलाई नेपालमा धेरै गिजोलियो। राजनीतिक अभीष्ट पूरा गर्न यसको दुरूपयोग गरिँदैछ हुन पनि एमसिसी यतिखेर जुनसुकै कुराको कारण बनेको छ। दलहरूमा विवाद हुन्छ एमसिसी। दलहरू फुट्छन्, एमसिसी। फेसबुकमा एमसिसी। ट्विटरमा एमसिसी। नारायण पूजा र सप्ताहमा पनि एमसिसी। भट्टीदेखि तारे होटलसम्म एमसिसी। भरियादेखि उद्यमी, व्यापारी, नेता यत्रतत्र सर्वत्र एमसिसी। चुनाव भए पनि एमसिसी। चुनाव नभए पनि एमसिसी! लोडसेडिङ भए पनि एमसिसी, नभए पनि एमसिसी। बुद्धिजीवी, देशभक्त, राष्ट्रवादी, लोकतन्त्रवादी, प्रजातन्त्रवादी, वामपन्थी, दक्षिणपन्थी, मध्यमार्गीको चिन्तन, विश्लेषण, क्षमता, तर्क प्रस्तुतीकरण सबै एमसिसीमा प्रदर्शन भैरहेको छ। जुनसुकै दल होस् वा जनवर्गीय संगठन, सबैको चासो र चिन्ता एमसिसीमै छ। खासमा हो के एमसिसी? भनिन्छ, एमसिसीबारे नेपालमा कार्यरत आइएनजिओ/एनजिओ पक्षमा छन्। ठूला दलका नेता बोल्नै चाहँदैनन्। आमभनाइ नै बनिसक्यो, एमसिसीबारे नबोल्ने नेता जति सबै एमसिसीको पक्षमा छन्। दोस्रो तहका नेताहरू एमसिसीको विपक्षमा छन्। बुद्धिजीवीहरूका तर्कले बजार गरमागरम छ। पत्रपत्रिका, रेडियो, टिभी, अनलाइन र सामाजिक सञ्जाल रंगिएका छन्। त्यहाँ दावाका साथ भनिएको हुन्छ, उपनिवेशवादको अन्त्य भएपछि साम्राज्यवादीहरूको आधिपत्य विश्वमा रहेन। स्वाधीन र नवस्वाधीन देशहरू स्वतन्त्र नीति अवलम्बन गर्न थाले। यस्तो अवस्थामा आर्थिक सहयोगको नाउँमा आफ्ना हातखुट्टा फैलाउने औपनिवेशिक रणनीतिक योजना हो एमसिसी! एमसिसीमा सहमति जनाइयो भने देश स्वाधीन रहँदैन? नवउपनिवेशवादले नेपाललाई क्वाप्पै खाइदिन्छ? नेपालमा अमेरिकी सेनाले परेड खेल्न थाल्छ? युरोप र अमेरिका उपनिवेशका लागि एकै ठाउँमा हुन्छन्? मिल्छन्! एमसिसीमा विश्वास गर्ने हुन्न? नेपालमा कार्यरत एनजिओ हुन् वा आइएनजिओ, ती किन एमसिसीको पक्षमा लागेका छन् भने अमेरिकी अर्थतन्त्र चिनियाँ अर्थतन्त्रसँग पराजीत हुन थालेकाले अमेरिकी र युरोपेलीहरूले नयाँ नीति लिएका छन्। अब एनजिओ/आइएनजिओलाई सिधै पैसा नदिने नीति अमेरिकाले पारित गरिसक्यो। उनीहरूको नयाँ नीति हो, एमसिसी लागु भएका देशमा उद्यम गर्ने, जलविद्युत् योजना बनाउने, कमाउने र खर्च पनि उनीहरूले नै गरेर पश्चिमी सांस्कृतिक विस्तारको काम गर्नुपर्छ। क्रिस्चियानिटी फैलाउनुपर्छ। त्यसैले एमसिसीको विशाल रणनीतिक पाटो छ। राजनीतिक पाटो छ आर्थिक पाटो छ। सांस्कृतिक पाटो पनि छ। यी सबै पक्षमा एमसिसीले प्रभाव पार्छ। सावधान! पत्यारै नलाग्ने र एकदमै सही जस्ता लाग्ने जबर्जस्त तर्क-वितर्क पनि बुद्धिजीवीहरूले अगाडि सारेका छन्। ती हुन्, पहिलो, एमसिसी विशुद्ध आर्थिक सहयोग हो। दोस्रो, यो चीनलाई घेर्न ल्याइएको दूरगामी योजना हो। भारत आफू न्यूट्रल भन्दै भित्र-भित्र यसैलाई मलजल गरिरहेछ। अमेरिकाले इन्डोप्यासिफिक रणनीतिअन्तर्गत एमसिसीलाई राखेको छ। नेपालमा एमसिसी पारित भयो भने अमेरिकी सेनाले परेड खेल्छ। नेपालबाट चीन/तिब्बतलाई आक्रमण गर्नेछ। नेपालको संसद्ले पारित गरेर ऐनसरह पार्नुपर्ने कारण नै यही हो! यो नेपालको संविधानविरुद्ध पनि छ। एमसिसीलाई आर्थिक प्राविधिक हिसाबले ठीक मानेर हेर्ने हो भने कुरा सामान्यझैं पनि छ तर जब हामी यसलाई चीन अथवा भारतर्फ जोड्छौँ र फर्केर हेर्छौँ भने हामीलाई चिन्ता आफ्नो देशको होइन, चीन र भारतको लाग्न थाल्छ। चीनले के भन्ला र भारतले के सोच्ला भनेर हामी जहिले पनि अनिर्णयको बन्दी बनिरह्यौँ भने देश कसरी चल्ला? यसरी त चल्दैन। चीनको चिन्ता चीनले लिन्छ र भारतको चिन्ता स्वाभाविकरूपमा भारतले गरिहाल्छ। किन नेपाललाई टण्टा? किन नेपालीको माथापच्ची? दक्षिण एसिया भनेको विश्वको पच्चीस प्रतिशत जनसंख्या, बजार र तीव्र आर्थिक विकास भैरहेको संवेदनशील भूभागमात्र होइन, यो त रणनीतिक, आर्थिक, सैनिक, राजनीतिक क्षेत्र पनि हो।

राष्ट्रिय स्वार्थ हेर्ने हो भने हामीले आफ्नो स्वार्थ पहिचान गर्नैपर्छ। के हो हाम्रो स्वार्थ? स्पष्ट छैन भने यसको लागि बौद्धिक छलफल जरुरी छ। बुद्धिजीवीहरू बसेर राष्ट्रिय स्वार्थ पहिचान गर्नुपर्छ। बुद्धिजीवीहरूको राष्ट्रिय सम्मेलन गर्नुपर्छ। विश्वविद्यालयहरूले अग्रणी भूमिका निर्वाह गर्नुपर्छ। विज्ञ, विशेषज्ञ, कानुनविद्, एनजिओ, स्वतन्त्र बुद्धिजीवीहरूलाई सहभागी गराएर अगाडि बढ्नुपर्छ। आलोचनात्मक व्याख्या/विश्लेषण गरिनुपर्छ। राष्ट्रिय सहमति यहीँबाट निकाल्नुपर्छ। तर यस दिशामा हाम्रा विश्वविद्यालयहरूको गतिशीलता देखिएको छैन। अहिले पनि जिरोबाट अगाडि बढ्नुपर्ने अवस्था छ। तथाकथित बुद्धिजीवीहरू (केही अपवाद छाडेर) नेता र विदेशीको दौराको फेर समात्नमै अलमलिएर, रुमलिएर नारायणहरि भैरहेछन्। किन राजनीतिक विश्लेषकहरूमात्र एमसिसीको विरोध गरिरहेछन्? अर्थशास्त्री, कूटनीतिज्ञहरू यसबारे किन बोल्दैनन्? एमसिसीको घनघोर विरोध गर्ने पूर्वप्रधानमन्त्री झलनाथ खनाल, पूर्वमन्त्रीहरू भीम रावल, देव गुरुङहरू राजनीतिक व्यक्ति हुन्। विज्ञ होइनन्। उनीहरूले तथ्य के हो त्यो अगाडि राख्नुपऱ्यो। तथ्यसँगै तत्व पनि चाहिन्छ। तत्व भनेको राष्ट्रिय स्वार्थ हो। मूल तत्व यही हो। यस्तो पनि नहोस् देखिने एउटा र हुने अर्को! जहाँसम्म अमेरिकी सैनिक आउँछ आउँछ भन्ने हौवा छ त्यो भनेको 'कन्सपिरेसी थ्यौरी' हो। जे कुरामा पनि षडयन्त्रमात्र देख्ने रोग! नबिर्सिऊँ, कन्सपिरेसीको चक्रब्यूहमा फसेकाहरूको अन्त्य त्यसैमा हुन्छ। त्यति सजिलो छ अमेरिकी सैनिक नेपाल आउन? तीन करोड नेपाली के ताली ठोकेर बस्छन्? एक्काइसौं शताब्दीमा कुनै पनि सैन्य जत्था नेपाली भूमिमा ढिम्किन संभव छैन। यो साश्वत सत्य हो नेपालीहरू संसारमा अरूका लागि लडेका छन्। थुप्रै मित्रराष्ट्रहरूमा उपस्थित छन्। यस्तो कसैको दिमागमा छ भने पनि त्यो दिवा सपनामात्र हो। जहाँसम्म सैन्य रणनीतिक विषय पनि यसैमा जोडिए आउँछ भन्ने चर्चा/परिचर्चा/शंका छ त्यसमा नेपाल सरकार, त्यसका प्रतिनिधिहरू र अधिकारीहरूले कुनै हस्ताक्षर, सहमति वा समर्थन जनाएका छन् भने त्यो प्रमाणसहित सार्वभौमसत्ता सम्पन्न संसद्समक्ष अविलम्ब पेस गर्नुपर्छ। त्यो हो छलफल गर्ने थलो। जनताका प्रतिनिधिहरूले अनुमोदन गर्ने विषय भन्नेहरूलाई हचुवाका भरमा आरोप/प्रत्यारोपको रूपमा बहसमा ल्याइनु हुँदैन। संबन्धित अधिकारीहरूले त्यो प्रक्रियामा संलग्न पूर्व तथा वर्तमान प्रधानमन्त्रीहरू, ज्ञानेन्द्रबहादुर कार्कीदेखि प्रदीप ज्ञवालीसम्मका परराष्ट्रमन्त्रीहरू सबैले संसद्समक्ष आफूले एमसिसीअन्तर्गत गरेका सहमति र हस्ताक्षरबारे व्याख्या गर्नुपर्छ। आमनेपालीसमक्ष पेस गर्नुपर्छ। संलग्न सबै अधिकारीलेप्रष्टसँग संसद्समक्ष वास्तविकता राख्नुपर्छ। चीनको बिआरआइलाई ब्लक गर्न अमेरिकाले एमसिसीको नाउँमा नेपालमा इन्डोप्यासेफिकको गन्ध पनि छर्न खोजेका हो भने त्यो नेपालीलाई सह्य हुँदैन, ग्राह्य पनि हुँदैन, एक पूर्व सैनिक जर्नेलले भने। हामी ननएलाण्ड मुभमेन्टका संस्थापक राष्ट हौं। संसारमा हाम्रो शान्ति स्थापना गर्ने शान्ति सेनामा मात्र सहभागिता हुन्छ, ती जर्नेलले थपे। हामीलाई बिआरआइ पनि चाहिन्छ, एमसिसी पनि लिँदा हुन्छ। एमसिसीबारे यति धेरै प्रश्न उठिसकेपछि यसलाई प्रष्ट्याउने जिम्मेवारी हाम्रो परराष्ट्र मन्त्रालय र अंग्रेजी बोल्ने परराष्ट्र मन्त्रीको हो। हाम्रो परराष्ट्र र अर्थ मन्त्रालय चूपचाप छन्। मरिगए बोल्दैनन्। कम्पनी नै खोलेर जागिर खाएकाहरू पनि मौन छन्। सरकार किन एमसिसीलाई संसद्मा प्रस्तुत गर्दैन? के गठबन्धनबीच नै मारामार भएर हो? विधिवत्रूपमा विषय संसद्मा प्रवेश गरिसकेपछि सार्वभौम जनताका प्रतिनिधिले निर्णय गर्नुपर्छ। नेपालको हितमा छ भने उनैले गर्ने हो, छैन भने फेल गराएर उनीहरूले नै कारणसहित जनतालाई बुझाउने हो। गलतलाई सदर र सहीलाई गलत ठहऱ्याए भने मुखैमा आएको चुनावमा सांसदहरूलाई मतदाताले धुलिसात पार्नेछन्! ढोका थुनेर चाकरी गर्ने, लेनदेन गर्ने, सुरा-सुन्दरीको चलखेल गर्ने र चाकरीमा चुर्लुम्म डुब्नेहरू जनताको कठघरामा नारायणहरि हुनेछन्। यसरीमात्र एमसिसीमा बरालिएको नेपाली राजनीतिले पनि नेपाली राष्ट्रिय स्वार्थ पहिचान गर्ने सुवर्ण अवसर पाउनेछ!

*नागरिक दैनिकबाट साभार ।*



## कविता

# प्रकृति



तिमी बेला बेला,
आफ्ना अनेक रुपहरु लिएर प्रकट हुन्छौं?
मान्छे आफ्नो अनुकुल सबै बेला रमाउछ्न।
तिमी बसन्त ऋतुमा नयाँ उमंग लिएर
आउँछौ।
ग्रिष्ममा घामको ताप लिएर सेक्न आउँछौ।
तिमी वर्षामा जमिनको तृष्णा मेट्न आउँछौ
सरद र हेमन्तमा अर्को अलौकिक रुप लिएर
आउँछौ।
शिशिरमा हिमालमा हिउँ बनी चुलिन्छौ।
तिमी आफ्ना अनेक रुपसंग,
मानव संगै सम्पुर्ण जिवात्मा बचाउँछौ।
तिम्रा सिंघारिएको रुप देखी,
बिग्रदो, उदासिनताको कुरुपता देखेको छु।

तिमीसंग रमाउनेहरु,
तिम्रो बाह्य सुन्दरताको
खुब तारिफ गर्छन्, चर्चा गर्छन्।
भित्री सुन्दरतालाई हर कोहि देख्न सक्दैनन्
होला?
मेरा आँखाहरु तिम्रा सुन्दरतालाई
मेरो मन र मुटुमा लगेर टाँसिदिन्छ,
लाग्छ तिमीमा त्यो शक्ति छ,
जुन शक्ति अरु कसैमा सम्भव छैन होला।


तिमी ले मेरा कैयो बिचलित मनलाई शान्त
पारेकी छौं।
मेरा कैयौं प्रश्नहरुको नबोली उत्तर दिएकी
छौं।

साच्चै महान छौ तिमी,
कतै हिमाल बनेर आफ्नो उचाई चुलाएकी छौ,
कतै कलकल नदि झरना बनेर प्यास
मेटाएकि छौ,
कतै शान्त सागर बनेर अडिएकी छौ,

डर लाग्छ कहिलेकाहीँ तिम्रो क्रोध देख्दा,
तिम्रो असामान्य रुप देख्दा,
लाग्छ तिमी रिसाउनु जायज छ,
तिम्रो वात्सल्यमा हुर्केकाहरुले नै,
तिम्रो ब्यापार गरेका छन्,
अमुल्य अदभूत तिम्रो क्षमतालाई
कसरी मान्छे सजिलै मुल्यमा ढाल्न सक्छन्
?

**किरण पोखेल (एक बसन्त)**
*सरुमारानी २, दर्भान प्यूठान*

# मुक्तक



१
यो मनभरी पीडा, र यी आँखाभरी आँसु रोकेर,
हिडेको थिएँ परदेश,जिम्मेवारीको झोला बोकेर
यी आँखामा बारम्बार,घुमिरहन्छन् ती क्षणहरू,
नजाउ छोडी मलाईत्रभन्दै,रुँदै थियौ छाती ठोकेर।

२
आज गयो, भोली गयो, यस्तै रहेछ जिन्दगी ।
हेर्दाहेर्दै आधा उमेर भयो, यस्तै रहेछ जिन्दगी ।
यो चञ्चल मनमा चाहानाहरू दिनदिनै फेरिन्छन् ,
तर मन अझैं बच्चा छ यो, यस्तै रहेछ जिन्दगी ।

**रबिन श्रीपाली**
*गौमुखी गा.पा -६ लिवाङ्ग, प्यूठान*
*हाल भारत*

# गजल



गरे काम ठिक या वेठीक हुँदैछ, थाहा छैन ।
यमराज किन मेरो नजिक हुँदैछ, थाहा छैन ।

म परदेश हिडेपछी फर्कि हेर्दै थिइन् उनले,
आज किन काममा सरिक हुँदैछ, थाहा छैन ।

जसरी ऊनी सँग छुएँ, आज प्यार छुयो ।
फेरि यो समय सान्दर्भिक हुँदैछ, थाहा छैन ।

केही सफलता भएन सत्य बाटो हिड्दा पनि,
जस्ले पाप गऱ्यो उहीं मालिक हुँदैछ, थाहा
छैन।

मैले सधैं चोखो माया गरेको थिएँ सानू
तिमीलाई,
दिए माया कम भयो या अधिक हुँदैछ, थाहा
छैन ।

**श्यामकुमार क्षेत्री मुस्कान**
*नौबहिनी गा.पा ८ बल्लेखोला प्युठान*
*हाल, भारत*

# गजल



तेरै अखडामा पसि घटाउ जोडका कुरा ।
कस्को औकात कति? विशेषका कुरा ।

सुन! ए आज त सक्दै सक्दिनँ महोदय,
भोलि पर्सि तिर गरौंला हैसियतका कुरा ।

म केवल सुनि रहन्छु, तिमी सुनाई राख ।
छाती फुलाएर शान दिँदै स्तरका कुरा ।

सरल भाषामा व्याख्या नै गरी दिउँला म,
कुविचारले पिछडिएका समाजका कुरा ।

के थाहा छैन् र ? तिमीलाई हिजो आज,
दुनियाँमा यो चमत्कारी विज्ञानका कुरा ।

समर्पण आर.बि. मगर
*प्यूठान नगरपालिका ५,*
*जुम्रीकाडा, हाल भारत*

# छोराछोरी होस्टेल, बुवा-आमा वृद्धाश्रममा



**नरेन्द्र ज्ञवाली**

म बाटोमा हिँड्दै गर्दा धेरै पटक ठेलामा एउटी बुढी आमा तरकारी बेचिरहको देख्थें । उमेरले आमालाई बुढी भने पनि मेहनत र संघर्षले उहाँ जवान नै हुनुहुन्थ्यो। आमाको मेहनतले युवाहरूलाई हौसला मिल्ने र मेहनत गर्न साहस चाहिन्छ भन्ने सन्देश दिइरहेको हुन्थ्यो । ती आमा आँटेको काम गर्न सकिन्छ भन्ने उदाहरणको पात्र हुन् ।

मैले आमासँग भेटेर तरकारी पनि किन्ने र मेरो मनमा खेलेका प्रश्नहरू सोध्ने प्रयास गरेँ । आमा को नजिक पुगेर भनेँ, 'आमा, नमस्कार ! सन्चै हुनुहुन्छ?' आमाले भन्नुभयो, 'बाँचेको छु बाबु ।' मैले भनेँ, 'हजुरलाई धेरै चोटि ठेलामा तरकारी बेचिरहेको देखेँ नि !' 'गर्नुपर्यो नि बाबु । पति बिरामी छन् । नातिनातिना छन्, उनीहरूलाई पाल्नु पर्यो नि । छोराबुहारी छन् तर के गर्छन्, हाम्रो केही मतलब राख्दैनन् । आफ्ना छोराछोरी पनि होस्टेल छोडेर हिँडेका छन्,' भन्दै गुनासो पोख्नुभयो आमाले ।

'छोराछोरीलाई बोर्डिङ स्कुलमा बोडस राखेका छन्, उनीहरूको केही मतलबै छैन । भेट्नलाई पनि जाओ न भन्नुपर्छ ? पढ्न त छोराबुहारी दुवैले पढेलेखेका थिए तर छोराछोरीको बारेमा भन्दा आफ्नै काममा ध्यान छ। माया, ममता, स्नेह बिनाको शिक्षाले बच्चाबच्चीलाई कस्तो संस्कार दिन्छ होला?,' उहाँ आफ्नो वेदना सुनाउन थाल्नुभयो ।

'कैयौं पटक नातिनातिनालाई मैसँग राखेर पढाउँछु भनेँ तर छोराबुहारी मान्दैनन् । छोराछोरी पढाइ बिग्रन्छ भन्छन ? मैले केही भन्न सक्ने आँट आउँदैन । नातिनातिनाको माया लाग्छ र बेलाबेला परिकार बनाएर भेट्न होस्टेल जान्छु । मलाई देख्दा नातिनातिनाले आँखाबाट आँसु झार्छन् । मनले मान्दैन फेरि आउँछु भन्दै टिलपिल आँसु झार्दै म पनि मनिलो अनुहार बनाउँदै फर्कन्छु । नातिले सधैँ भन्छ, 'आमा मलाई सधैँ भेट्न आउनु है, तपाईंको कति धेरै माया लाग्छ । म ठूलो भएपछि हजुरलाई पाल्ने हुँ, हजुरसँगै बस्ने हुँ । हजुरलाई नयाँ-नयाँ कपडा किन्दिने हो, नयाँ-नयाँ ठाउँ घुम्न जाने हो ।' मलाई हौसला दिन्छ मेरो नाति। जिस्किँदै भन्छु, 'आफ्नो बाबुआमालाई किन्देलास् नि ! म बुढी सबैको हेला त हो ?' आँखाबाट आँसु झार्छ मेरो नाति । सम्झाउनै पर्यो । 'तैले जो पाल्लास्' भन्दै फकाउँदा खुसीले हाँस्छ ।

नातिले हात समाउँदै भन्छ, 'बाबा-ममी किन भेट्न हजुर जस्तै चाँडै-चाँडै आउनु हुन्न आमा ? भन्दिनु न भेट्न जाऊ भनेर ।' मसँग कुनै जवाफ थिएन, 'खै बाबु ! तिम्रा बा-आमालाई पैसै प्यारो छ । किन आउँदैनन ! छोराछोरीको माया त लाग्नु पर्ने ।' बिदामा कहिलेकाहीँ घर आउँदा नातिनतिना मैसँग रमाउँछन् । हजुरआमा हजुरसँगै हामीलाई बजार लानुस् भन्दै पछि लाग्छन् । तपाईंले हामीलाई कति माया गर्नुहुन्छ भन्छन् । यस्तैगरी दिन कटाउँछन् रमाइलो गर्दै । नातिनातिना भन्छन्, 'हामी अरुजस्तै स्कुलबाट घर आउने जाने गर्छौं नि ।

वृद्धाश्रम जस्तो गराएर हामीलाई किन होस्टेल राख्नु भएको बाबा-ममीले ? हामीलाई हजुरसँगै बस्ने, खाने, सुत्ने मन छ । सजिलो छैन आमा होस्टेल बस्न, धेरै मानसिक तनाव पनि छ । सम्झाइदिनु न हजुरआमा ।' म केही भन्न सक्दिनँ । 'ठूलो भएपछि मलाई हेला गर्ने होला । म बुढी हुँदै जान्छु, मलाई भेट्न आउँदैनौ होला,' भन्दै के जिस्किएको थिएँ नाति रिसले चुर भयो र भन्यो, 'तपाईंलाई कसैले केही गर्न सक्दैन। तपाईंलाई मेरो घरमा राख्ने हो । बाबा-ममीलाई वृद्धाश्रम लगेर राख्ने हो जसरी हामीलाई होस्टेल लगेर राख्नु भएको छ ।' मैले 'किन बाबु ? बाबा-आमाले तिम्रै लागि त हो यो मेहनत गरेको, तिम्रै भविष्यको चिन्ता छ, बाबाआमालाई त माया गरेर राख्नुपर्छ वृद्धाश्रम होइन' भनेँ । 'हो आमा, मैले वृद्धाश्रम राख्ने हो किनकि मैले पनि वृद्धाश्रमजस्तै होस्टेल जीवन बिताउन परिरहेको छ । बाबाममीले पनि मैले पाएको पीडा पाउनु पर्छ,' भन्छ । 'कतिमूर्ख!त्यस्तोपनिसोच्नेहो? बाबाआमा भगवानरुपि हुन्छन्,' भन्दै सम्झाउँदै थिएँ नातिले 'भगवान त हजुर हो आमा' भन्छ ? 'तपाईंले हाम्रो समस्या बुझिदिने, माया, ममताको कमी हुन दिनुहुन्न । हाम्रो लागि समय छुट्टाउनु हुन्छ, भेट्न आउनु हुन्छ,' भन्दै उल्टो मलाई सम्झाउँछ नाति ।

'आजकालका बच्चाबच्ची मूर्ख हुन् कि बुद्धिमानी हुन् छुट्टाउनै गाह्रो' भन्दै आमाले तरकारी मेरो हातमा दिनुभयो । 'धन्यवाद!आमा' भन्दै म तरकारी लिएर हिँडेँ। बाटोमा हिँड्दै गर्दा आमाको कुराले धेरै नै मन छोयो । साँच्चीकै वृद्धाश्रममा बुढा बा-आमा हुने धेरै कारणको रहस्य यसैमा लुकेको छ जस्तो लाग्यो। बालबालिकालाई देखावटी पढाइको लागि होस्टेल लगेर छोड्नु पनि वृद्धाश्रम लगेर छोडेजस्तै हो । त्यसैले विश्वमा वृद्धाश्रममा बाबा-आमाहरू धेरै हुनु नै युवाको बदलाको भाव त होइन ? त्यसैले शिक्षाको नाममा बालबालिकालाई गलत बाटोमा लगेर शिक्षा दिने काम नगरौँ । यस्तो देखावटी शिक्षाले छोराछोरी र बाबुआमाको सम्बन्धमा आँच आउन सक्छ । त्यसैले बेलैमा सजक रहौँ ।

## रोचक/प्रेरक प्रसङ्ग

# अनौठो घर जुन हरेक ४८ घण्टामा १ फिट माथि उठ्छ !

कहिले काहिं घरको जगमा समस्या देखिँदा पूरै घर नै भत्काउनुपर्ने अवस्था आउन सक्दछ। बनिबनाउ घर भत्काएर नयाँ ठाउँमा अर्को बनाउनुपर्दा खर्च पनि मनग्य हुन्छ । तर अहिले धेरै यस्तो खालका प्रविधिहरु आइसकेका छन्, जसले घरलाई जुरुक्क उठाएर नयाँ ठाउँमा सार्न सकिने भएको छ, त्यो पनि न्यून खर्चमा । सोसल मिडियामा अहिले भारतको एउटा यस्तै घरको तस्वीर निकै चर्चित भइरहेको छ । राजस्थानको बिकानेरमा एक घरको जग उठाउनका लागि अनौठो प्रविधि अबलम्बन गरिएको छ ।



उक्त घर सडकको सतहभन्दा तल भएका कारण घरबाट निस्कने फोहोर तथा पानी फ्याँक्नै समस्या थियो। त्यसैले घरमालिकले घरलाई जुरुक्क माथि उठाउने निधो गरे, ज्याक लगाएर। उनले हरियाणाबाट श्रमिकहरुको टोली बोलाए र घर माथि उठाउन लगाए । समाचार अनुसार ८ दिनमा श्रमिकहरुले उक्त घरलाई ज्याक लगाएर करीब २ फिट माथि उठाइसकेका छन् । घरलाई करीब ४ फिट माथि उठाउनुपर्नेछ । दश दिनमा पूरै ४ फिट माथि उठाउन सकिने बताइएको छ । घर माथि उठाउँदै गर्दा जगमा डण्डी तथा सिमेन्ट राखेर मजबुत बनाइँदैछ । १२ वर्ष पूरानो घर अहिले हरेक ३ दिनमा १ फिट माथि उठेको छ । यो घरलाई १ सयवटा हाइड्रोलिक ज्याक प्रयोग गरेर माथि उठाइएको छ । यसमा १० जना अनुभवी श्रमिकको टिम जुटेको छ । हरेक ४८ घण्टामा ज्याक घुमाइन्छ र घरलाई करीब १ फिट माथि उठाइन्छ ।

**एजेन्सीको सहयोगमा**

# लगातारको वर्षातले किसान खुसी

तेजेन्द्र बि.एम.
भुलेनी पोष्ट, प्यूठान



मौसम परिवर्तन भएसँगै लगातारको हिउँदे वर्षातले किसानहरु उत्साहित भएका छन् । बिहिबारबाट देशैभरका धेरै ठाउँहरुमा लगातार ३ दिन सम्म पानी पर्दा बाली राम्रो उत्पादन हुने भएपछि किसानहरु खुसी भएका हुन्। किसानका बारीमा यतिबेला हिउँदे बाली लहलह पसाउन बेला भएको छ । गहुँ, जौं, तोरी जस्ता नगदेबाली र अन्य फलफूल, तरकारी बालीहरुमा पानी नपर्दा किसानहरु चिन्तित थिए । ग्रामीण क्षेत्रका धेरै ठाउँहरुमा सिंचाई सुविधा नहुँदा किसानहरु आकाशे पानी भर पर्न बाध्य छन् । यस वर्ष भने समयमै पानी पर्दा सिंचाई आवस्यक नभएकोमा किसानहरु खुशी भएका हुन् । पुस १५ मा पनि समयमै पानी पर्दा किसानहरुलाई हिउँदे बाली राम्रो हुने अनुमान गरेका थिए। यतिबेला गाउँमा हिउँदे खेती गर्नका लागि बाँभो मार्ने बेला भएको छ । अन्य हिउँदे खेति गर्नका लागि बाँभो मार्न ग्रामिण क्षेत्रहरुमा ऋषि पञ्चमीको अवसर पारेर त्यस दिन गोरु नार्ने प्रचलन समेत रहदै आएको छ । त्यस दिन गोरु नारेर एकैछिन जोतेर दिन पार्ने चलन छ । किसानहरु अब बिस्तारै बाँभो मार्न थाल्छन्। मकै सँगै अन्य हिउँदे बालीहरु छर्ने तयारीमा किसानहरु लागेका छन् । हिउँदे वर्षात सँगै चिसो समेत बढेको छ । हिमाली र उच्च पहाडी भु-भागहरुमा हिमपात समेत परेको छ । प्यूठानकै धेरै ठाउँहरुमा लगातार २ दिनसम्म हिमपात परेको हो ।

## गर्नेनी सम्झाउने .....

चट्टानमा फसेको थिएँ', दुलाहा खड्काले भने, 'मसँग मेरो फोन थिएन मद्दतको लागि चिच्याएको धेरै समयपछि गाउँलेहरुले थाहा पाएर उद्धार गरेका हुन्।' समयमै उद्धार नहुँदा धेरैको ज्यान गयो,' दुर्घटनामा बाँचेका दुलाहा खड्काले भने। रातिको समयमा दुर्घटना भएको र पानी परेकोले उद्धारमा कठिनाइ भएको प्रहरीको भनाई छ । सुरक्षाकर्मी र स्थानीयवासीले ढिलो उद्धार गरी घाईतेहरुको प्यूठान अस्पताल ल्याएका थिए । घाइते दुलही रिमाको भैरहवामा उपचार भइरहेको छ । थिनको दाहिने हात भाँचिएको छ । दुलाहा सामान्य घाइते छन्। जिप दुर्घटनामा घाइते साबित्रा जि.सी., नरेश खड्का र हरी बुढामगरको उपचार गराइरहेका छन् । दुलही भित्राएर नयाँ घरजम गर्ने बेलामा दुलाहा दान बहादुर नव दुलही रिमाको भैरहवामा आफन्ती सहित कुरुवा बसेका छन् । यो घटनामा परी काका बसन्त, काकी बसन्ता र भतिजी एलिसालाई गुमाउनु परेको छ । घरमा आफन्त किरीया बसेका बेला उनी श्रीमतीलाई अस्पतालमा कुरुवा छन् । दुर्घटनामा थिनले दाजु खिम बहादुर, दिदी केसरी, माइली आमा नन्दी, साली बिपना र आफन्ती जिपका साहु बलबहादुर बुढालाई गुमाएका छन् ।

## यसरी भयो दुर्घटना...

लागेपनि सुविधा हुने भएकाले जिप रिजर्व गरी खड्का परिवार लुङ आएका थिए । लुङ-दिहाल्ना हुँदै लिवाङ जानको लागि कच्ची बाटो भएकाले दुलहीको परिवारले यो बाटो हुँदै जान अस्विकार गरेको थियो। तर त्यो बाटो नजाने जि.सी. परिवारलाई आस्वासन दिदै दुलहि लिएर जिप लुङबाट बाहाने भरेको थियो ।

बाहाने बाट बाग्दुला-मच्छी हुँदै लिवाङ जान केहिँ लामो समय लाग्ने भएकाले बाहानेबाट खवाङ हुँदै लिवाङ जाने निधो जिपमा सवारहरुले बनाएका थिए । ग्रामीण कच्ची सडक, भरी र हिउँ नियमित परिरहेको भएपनि छोटो बाटो हुने भन्दै यहि बाहाने-खवाङ-पुजा-दिहाल्ना हुँदै लिवाङ जानको लागि जिप प्रस्थान गरेको थियो । घरमा दुली भित्राउनको लागि दुलाहाको घर परिवार र आफन्तहरु जुटेका थिए । घर पुग्न करिब १०/१५ मिनेट मात्रै बाँकि थियो । थोरै उकालो भएको घुम्ति पार गरेपछि घरमा पुग्न सकिन्थ्यो । लिवाङ ओखरपाटा पुग्नै लाग्दा यहिँबाटै जिप दुर्घटनामा परेको हो । यतिबेला रातीको करिब १ बजेको थियो। स्थानीय थम्मन बहादुर पुनले यति राती कहाँबाट गाडी आएको होला भनी नियाली रहेका थिए। उनी शौच गर्नका लागि बाहिर आएका थिए । एक्कासी गाडी गुडेको आवाज बन्द भयो र ड्याम्म आवाज आयो। त्यसपछि उनले अमृत बहादुर वलीलाइ खवर दिए । गाडी खसेर हो वा यत्तिकै हो स्थानीय नेगन बहादुर खत्रीले हार गुहार गरेको आवाज सुनेर गाउँलेहरुलाइ खवर गरे । अमृतले दिपक वलीलाई खवर गर्दा रातीको पौने २ बजेको थियो । दिपकले इलाका प्रहरी कार्यालय लिवासे खवर गर्दा २ बजेको थियो ।

इलाका प्रहरी कार्यालयका प्र.स.नि. उदय डाँगी र प्रहरी रबि चन्द घटनास्थल पुग्दा ३ बजेको थियो । दुर्घटनास्थल पुग्दा सडकको कुनामा ढुङ्गा खसेको थियो । बाटो चिप्लो र छिपछिपे थियो । यहि ढुङ्गो कटाउन लाग्दा गाडी ढिकमा पुग्दा दुर्घटनामा परेको हुनसक्ने स्थानीयको अनुमान छ । उनीहरुका अनुसार गाडी घिस्रिएर, चिप्लिएर दुर्घटनामा परेको हुनसक्ने अनुमान मिल्दैन । राती करिब २ बजेको समयमा भएको दुर्घटनाको खवर दुलाहा आफैले आफन्तलाई दिएका हुन्। रातीको समय भएकाले समयै उद्धार हुन नसक्दा घटनास्थलमै ६ जनाले ज्यान गुमाउनुपरेको स्थानीय पदम के.सी.ले बताए। 'जिप खोल्सामा खसेकाले समयमै उद्धार हुन सकेन' उनले भने, 'हिउँ परिरहेको र चिसोका कारण घाइतेहरुको ज्यान गएको हुनसक्छ ।' उनका अनुसार जिप सडक छेउँबाट करिब २ सय मिटल तल खोल्सामा खसेको थियो ।

### गाउपालिकाद्वारा किरिया खर्च

गाउँपालिकाद्वारा ५० हजार किरिया खर्च जिप दुर्घटनामा मृत्यु भएकाहरुको परिवारलाई गौमुखी गाउँपालिकाले ५०/५० हजार राहत दिने भएको छ । हालका लागि किरिया खर्च स्वरुप जनही ५० हजारका दरले ८ जनाको परिलाई राहत उपलब्ध गराउने निर्णय भएको अध्यक्ष विष्णु कुमार गिरीले बताए । यसका लागि गाउँपालिकाले ४ लाख रूपैयाँ बजेट तत्कालै व्यवस्था गरेर उपलब्ध गराइने उनले बताए । गाउँपालिकाले आइतवार शोक बिदा दिएको थियो । एकैपटक दुर्घटनामा ८ जनाको निधनले गाउँपालिका मर्माहत भएको भन्दै विज्ञप्ति जारी गरी एक दिनका लागि कार्यालयले शोक बिदा दिएको थियो। यसैबिच स्वर्गद्वारी गौमुखी यातायात सेवा प्रा.लि.ले पनि किरिया खर्च स्वरुप मृत्यु भएका परिवारलाई ५०/५० हजार रुपैयाँ उपलब्ध गराउने कार्यालय प्रमुख घनश्यामले बताए।

## बाख्राले पालेको छ ........

युटुवमा बाख्रापालनबाट युवाहरुले आम्दानी गरेको खवर सुनेर आफूपनि बाख्रापालनमा व्यवसायमा होमिएको उनको भनाई छ । बाख्रापालनमा उनकी श्रीमती मिठा कुमारी, ७३ वर्षका बुवा राम बहादुर र ७५ वर्षिय आमा मनिले सहयोग गर्दै आएका छन् । 'श्रीमती, बुवा र आमाले बाख्रा चराउने र घाँस काट्नुहुन्छ, मैले गोठ र मार्केटिङको काम गर्छु', उनले भुलेनी पोष्टसँगको कुराकानीमा बताए । सुरुका २ वर्षमा आम्दानी नहुँदा हरेश खाने स्थितिमा पुगेको उनको भनाई छ । 'व्यवसाय थालेको दुई ढाइ वर्ष हुन थाल्यो', उनले भने, 'लगानी बढ्दा बोका पाठा बिक्रि नहुँदा चक्कर लागेको थियो।' अहिले भने यो पेशाबाट घर परिवार आफू सन्तुष्ट रहेको उनी बताउँछन् । सुरुमा ८ वटा पाठा, पाठी र बोका बिक्रि गर्दा २ लाख ५० हजार नाफा हुँदा खुवै सन्तुष्ट मिलेको उनको पहिलो अनुभव छ ।

बाख्रापालनसँगै उनले घाँस र बिरुवाको नर्सरी खेती पनि गरीरहेका छन्। 'नर्सरी खेती थालेको पनि ४ वर्ष पुगेछ, दुवै बाट आम्दानी बढेकोले खुसी छुँ', उनले भने। बाख्रापालन भन्दा नर्सरीबाट रस परेको उनी बताउँछन् । प्रत्येक वर्ष नर्सरीका बिरुवा बिक्रि हुने भएकाले आम्दानी पनि बढेको छ। अब बाख्रापालनसँगै नर्सरी खेती बिस्तार को योजना रहेको उनले भने । के.सी.का अनुसार ८ रोपनी जग्गामा नर्सरी खेती गरेका छन् । नर्सरीमा २ लाख भन्दा बढी टिमुर, डालेघाँस, भुइघाँस, किम्बु, नेप्पियर, सुपर नेप्पियर, राइफन्यु, भटमासे लगायतका घाँस र बिरुवा छन् ।

नर्सरीबाट यो वर्ष ६/७ लाख रुपैयाँ नाफा गर्ने लक्ष्य राखेको उनको भनाई छ । बिरुवा बिक्रिबाट हालसम्म २० लाख बढी कारोवारमा १० लाख सम्म नाफा गरेको उनले बताए । नर्सरी र बाख्रापालनको कमाईबाट के.सी.ले डाङमा घडेरी किनेका छन् । यी दुबैको आम्दानी वार्षिक सरदर १५ लाखसम्म हुने गरेको छ ।

# छोटकरी

## जुम्रिमा नगद र गरगहना चोरी

भुलेनी पोष्ट
प्यूठान

प्यूठान नगरपालिका ३ र ४ वडाका २ घरमा चोरी भएको छ । बुधवार राती आयुष्मा होटल नजिकै रहेको सागर गुप्ता र जुम्रि बजार खोला नजिकै रहेको सन्जिव सुनारको घरमा चोरी भएको हो । मल्लरानी गाउँपालिका ४ बुढाचौर निवासी हाल जुम्रिमा बस्ने सुनारको घरबाट नगद रु. २ लाख सहित ८ तोलाभन्दा बढी सुन चोरी भएको हो । सुनार बिहिवार आमाको थिथी भएको कारण बुधवार बेलुका बुढाचौर घरमा गएका थिए । घरमा कोहिँ नभएको मौका छोपी गेट र कोठाको चावी सरिया र हसिया (खुर्पा) ले तोडेको छ । चोरी गर्ने ब्यक्तिले सरिया र हसिया चोरी गर्ने ठाउँमै छोडेको छ भने उसले प्रयोग गर्ने ब्लुटुथ स्पिकर पनि छोडेको छ प्रहरीले भेटाएको छ । सागर गुप्ताको घरबाट के के चोरीयो भन्ने एकिन भएको छैन । गुप्ता बुधवारका दिन बिरगन्ज घरमा गएका थिए । उनको घरमा प्रहरीले बाहिरबाट उनी नआउन्जेसम्मका लागि बाहिरबाट ताला लगाइदिएको छ । दुबै घरमा घर मालिक नभएको मौका छोपेर चोरी भएकोले चिनेजानेको र नजिककैको ब्यक्तिबाट चोरी भएको हुनसक्ने स्थानीय र प्रहरीको अनुमान छ । चोरी गर्ने ब्यक्तिले छोडेका सामग्रि र घर वरपर राखेका सिसी टिभि क्यामेरा राखेका ठाउँको निगरानी भइरहेको प्रहरीले जनाएको छ ।

## बिमितको परिवारलाई मृत्यु दाबी भुक्तानी

बोम बहादुर परियार
भुलेनी पोष्ट

आइ.एम.ई. लाइफ इन्स्युरेन्स प्यूठानले बिमितको परिवारलाई घरमै पुगेर मृत्यु दाबी भुक्तानी गरेको छ । ऐरावती गाउँपालिका ५, खवाङ निवासी मिलन के.सी.को परिवारलाई भुक्तानी दिइएको शाखा प्रमुख विष्णु पाण्डेले जानकारी दिए। निर्माण व्यवसायी बिमित के.सी.को ५ महिना अँघि भदौ ३० गते २७ वर्षको उमेरमा असामयिक निधन भएको थियो । बिमितिले विजुवार निवासी भुपेन्द्र श्रेष्ठ मार्फत २०७६ भदौ २० गते आइ.एम.ई. लाइफ इन्स्युरेन्समा बिमा गराएका थिए । श्रेष्ठका अनुसार के.सी.ले २० लाख रुपैयाँको २० वर्षे (धन सरिता ५ प्रतिशत मोनि ब्याक) प्लानको जीवना बिमा गराएका थिए। बिमितले आफ्नो बिमाको २ किस्ता रकम २ लाख ११ हजार १ सय अठासी रुपैया जम्मा गरेका थिए ।

बिमितको परिवारलाई २० लाख ७८ हजार रुपैयाको चेक घरमै पुगेर दिइएको हो । दाबी भुक्तानी कार्यक्रममा कम्पनिका प्रदेश प्रमुख प्रेम तिमिल्सिना, ऐरावती गाउपालिका अध्यक्ष नबिल बिक्रम शाह, बिमा कम्पनीका कर्मचारी तथा एजेन्सी म्यानेजर, स्थानीयवासी लगायतको सहभागिता थियो ।

## प्रेस चौतारी नेपालले मनायो २४ औं स्थापना दिवस

भुलेनी पोष्ट
प्यूठान

प्रेस चौतारी नेपाल जिल्ला शाखा प्यूठानले २४ औं स्थापना दिवस भव्यताका साथ सम्पन्न गरेको छ। विजुवार प्यूठानमा एक कार्यक्रमको आयोजना गरी चौतारीले दिवस मनाएको हो । दिवसका अवसरमा प्रेस चौतारी नेपालको पहिलो कार्यसमिति बैठक सम्पन्न गरेको छ। बैठकले गाउँपालिका स्तरमा समिति गठन गर्ने, प्रेस चौतारी प्यूठानको कार्यालय स्थापना गर्ने, पत्रकारहरुका लागि कल्याणकारी कोष स्थापनाका लागि पहल गर्ने लगायतका निर्णय गरेको छ । प्यूठान शाखा अध्यक्ष बासुदेव गिरीको अध्यक्षता, नेकपा एमाले जिल्ला कमिटि प्यूठानको अध्यक्ष बिजयबिराज विष्टको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा चौतारी केन्द्रिय सदस्य गिरु प्रसाद भण्डारीले बिगतभन्दा पछिल्लो समयमा नयाँ ब्यवसायिक पत्रकारिता उत्पादनमा कठिन रहेको बताए। नयाँ पत्रकारहरु पछिल्लो जेनेरेसनमा स्किल डेफलपमा समस्या रहेको औंल्याएँ । प्रेस चौतारी नेपाल २०५५ सालमा केन्द्रमा स्थापना भएको हो भने प्यूठानमा २०५८ सालमा स्थापना भएको थियो ।

## गौमुखी संरक्षित वन परिषद गठन

भुलेनी पोष्ट
प्यूठान

गौमुखी संरक्षित वन परिषद गठन भएको छ । गौमुखी गाउँपालिका अध्यक्ष विष्णु कुमार गिरीको अध्यक्षतामा परिषद गठन भएको हो । डिभिजन बन कार्यालय प्यूठानको आयोजनामा आइतवार भिमरुक गाउँपालिका मच्छीमा आयोजित परिषद गठन कार्यक्रममा गिरीको अध्यक्षतामा ९ सदस्यीय परिषद बनेको हो । सदस्यहरुमा गोबर्द्धन थापा, एलबी थापा, मोतिदेवी बुढा, तुलस बस्नेत, मुना सुनार, ज्ञामुराम न्यौपाने, लगायत छन् । नौबहिनी गाउँपालिका बाट ४ सदस्य छनौट गर्न बाँकी रहेको छ । परिषदमा गौमुखी गाउँपालिकाका सबै ७ वटा वडा, नौबहिनी गाउँपालिका १, २, ३ र ४ वडा सहित भिमरुक गाउँपालिकाको ८ नं. वडा रहने व्यवस्था छ । परिषदमा नौबहिनीलाइ समावेश गरी गौमुखी नौबहिनी संरक्षित वन परिषद बनाउनका लागि सिफारिस गर्ने निर्णय भएको छ । परिषदमा प्राप्त रकम यी क्षेत्रका बिभिन्न ठाउँमा आय आर्जनका क्रियाकलाप सहित वन संरक्षणका क्षेत्रमा विविध कार्य गर्ने निर्णय भएको छ ।

## कुलोमा डुबेर १५ महिने बालकको मृत्यु

भुलेनी पोष्ट
प्यूठान

प्युठानमा कुलोमा डुबेर एक जना बालकको मृत्यु भएको । प्युठान नगरपालिका ४ बिजुवार स्थित क्वाडी कुलोमा डुबेर प्युठान नगरपालिका ३ घुर्चौनी निवासी १५ महिने सुसान्त गमालको मृत्यु प्रहरीले जनाएको छ। शनिबार बिहान बालक खेल्ने क्रममा कुलोमा डुब्दा मृत्यु भएको इलाका प्रहरी कार्यालय विजुवारले जनाएको छ । बालकको परिवार हाल बिजुवारमा बस्दै आएका थिए ।

# बेमौसमी तरकारी खेती कसरी गर्ने ? (विधि र प्रक्रिया सहित)

परिचयः

प्रतिकुल मौसममा पनि ताजा तरकारी उत्पादन गर्नु लाई बेमौसमी तरकारी खेति भनिन्छ। यसको उध्यश्य भनेको तरकारीको न्युन वा शुन्य आपूर्ति हुने समयमा बजारमा ताजा तरकारीको उत्पादन र आपूर्ति गर्नु हो। बेमौसममा गरिने कुनै पनि तरकारी खेतीको लागी धेरै मिहिनेत र परिश्रम आबश्यकता पर्दछ । बेमौसममा उत्पादन गरिने कुनै पनि तरकारीको उत्पादन खास मौसममा भन्दा कम उत्पादन भएता पनि बजार मुल्य बढि आउने हुदा मौसमको भन्दा बढीनै फाईदा हुन जान्छ । तसर्थ यसरी खेती गरिने तरकारीको लागी बेर्ना उत्पादन गर्ने काम पनि बेमौसममानै गर्नु पर्ने हुन्छ ।

**बेमौसमी तरकारी उत्पादनका फाइदाहरु:**

किसानहरुलाई तरकारी उत्पादनबारे प्रबिधिको जानकारी हुन्छ। किसानहरुको आत्मविश्वासको बिकास हुन्छ। तरकारी उत्पादन मुख्य पेसा बनाउने अबसरको सृजना हुन्छ। तरकारी उत्पादनबाट उच्च मुनाफा आर्जन गर्न सकिन्छ। उपभोक्ताले ताजा र स्वस्थ तरकारी उपभोग गर्न पाउछन्। बाहिय निर्यातबाट बिदेशी मुद्रा आर्जन गर्न सकिन्छ। रोजगारी अबशर सृजना हुन्छ।

***बेमौसमी तरकारी उत्पादनका बेफाइदाहरु:***

तरकारी उत्पादन गर्न उच्च प्रविधिको आवश्यकता पर्दछ । रोग तथा किराको संक्रमणले जोखिम कार्य हुनसक्छ। निरन्तर बालीको हेरचाह र विभिन्न निकायहरुको अनुगमनको आवश्यकता पर्दछ । ब्याबसायिक स्तरमा मात्र यो खेति सम्भब हुनसक्छ । बजारीकरणको राम्रो ब्यबस्था हुनु पर्दछ ।

**बेमौसमी तरकारी उत्पादन गर्ने बिभिन्न प्रबिधिहरु:**

खेति गर्ने बालीको जातको छनोट । खेति गर्ने मौसमको छनोट तथा हेरफेर । खेति गर्ने स्थानको छनोट, परिबर्तन तथा हेरफेर । खेति गर्ने समयको फेरबदल । प्लास्टिक गुमोज, टनेल, घर तथा छाप्रोको प्रयोग गरि बेर्न तयार गर्ने तथा उत्पादन गर्ने । ग्रीन हाउस निर्माण (प्लास्टिक वा सिसाको घर) गर्ने । हाइड्रोफोनिक प्रविधिको प्रयोग गर्ने ।

**प्रतिकुल मौसममा बेर्ना उत्पादन गर्ने सरल तरिकाहरु:**

(क) प्लास्टीकको गुमोज भित्र बेर्ना उमार्ने तरिका:

१ मीटर लम्बाई, १५ सेन्टीमीटर उचाई र आबश्यकता अनुसारको लम्बाई भएको व्याड तयार गर्नु पर्दछ । राम्ररी खनजोत गरी माटो धुल्याउने र राम्ररी पाकेको कम्पोष्ट मल वा प्राङ्गारिक मल मिसाउनु पर्दछ। यसरी तयार गरिएको व्याडमा चौडाई तीर २-३ ईन्चको फरकमा रेखा कोरी १ ईन्चा गहिरो धर्साहरु बनाउनुपर्दछ । धर्साहरुमा एक नासले पर्ने गरी बीउ खसाली बीउलाई मसिनो माटो, बालुवा वा मल माटोको मिश्रणले पुरी हलुका संग हत्केलाले थिच्नु पर्दछ । बीउ छरेपछि व्याडलाई पराल वा गहुंको नलले वा सुकेको खरले छोपी व्याड भिज्ने गरी पानिले सिचाई गर्नु पर्छ।

**व्याडमाथी प्लास्टीकको गुमोज बनाउने तरिका :**

ब्याडको गुमोजकोलागी लगभग १.५ मिटर लामो बांसको भाटाहरु चाहिन्छन्। बांसको भाटाको एक टुप्पोलाई व्याडको चौडाईको एक तर्फ गाड्ने र भाटाको अरु भागलाई नुगाएर व्याड माथी अर्ध बाटुलो हुने गरी व्याडको चौडाईको अर्को भागमा पहिलो टुप्पो गाडेको ठीक सिधा अगाडी पर्नेगरी अर्को टुप्पो गाड्नुपर्दछ । यसरी व्याडको लम्बाई अनुसार बांसका भाटाहरु व्याड माथी ३-३ फीटको फरकमा गाड्दै जानु पर्दछ । बांसका भाटाहरु गाडी सकेपछि भाटा माथी प्लास्टीकले छोपी प्लास्टीकको दुबै छेउ व्याडको तल्लो भाग जमीन सम्म ल्याउनु पर्दछ र माटोले हावा नछिर्ने गरी प्लास्टीकको कीनार लाई थीच्नु पर्दछ। तयार भैसकेको व्याडलाई राम्रो हेरचाह गर्नु पर्दछ । बीउ उम्रन थालेपछि व्याडमा छोपीएको पराल वा छ्वाली वा खर हल्का तवरले हटाउनु पर्दछ । बेर्नाहरुमा बिहान बेलुकी पानी दिने, गोडमेल गर्ने र रोग किराको प्रकोप हुन नदिन रोग तथा कीट नाशक बिषादी छर्ने कार्य गर्दै जानु पर्दछ ।

**प्लास्टिक गुमोजका फाइदाहरु:**

व्याडको तापाक्रम बढाउंछ । बेर्ना लाई ठण्डी, तुषारो र बर्षा आदि बाट बचाउंछ। ठण्डीको समयमा परालको सुकूल वा गुन्द्रींले प्लास्टीकलाई छोपी दिंदा अरु बढी फाइदा हुन जान्छ । बिहान घाम लागेपछि प्लास्टीकको केहि भाग हटाई दिने र बढी ठण्डी भएमा तथा पानी परेमा फेरी प्लास्टीकले व्याडलाई छोपी दिनु पनि त्यतिकै जरुरी हुन्छ । रातमा भने कहिले पनि व्याड बाट प्लास्टीक हटाउनु हुंदैन । बर्षातको बेला व्याडमा बेर्ना बढी सकेपछि स्थायी रुपले प्लास्टीक हटाउनु उपयूक्त हुन्छ । अन्यथा व्याडमा राम्ररी प्रकाश पर्न सक्ने गरी छाप्रोको व्यबस्था गर्नु पर्दछ ।

*(ख) काठको बाकसमा बेर्ना उमार्ने तरिका:*

हलुका खालको काठ बाट बनाईनु पर्दछ । बाकसको तयारी गर्दा २ फिट लामो, १ फिट चौडाइ र ४ ईन्च गहिरो भएको बाकस हुनु पर्दछ । यसको तल्लो भागको पिंधमा पानी निकासको लागी स-साना ४-५ वटा प्वालहरु पनि पार्नु पर्दछ। अब तयार भएको बाकसमा जङ्गलको माथिल्लो सतहको माटो वा पुरानो पोखरीको माटो वा खेत बारीको आली कान्लाको मलिलो माटो २ भाग, राम्ररी कुहिएको वा पाकेको गोबर मल २ भाग र बालुवा १ भाग (बलौटे माटो भएमा बालुवा मिसाई रहनु पर्दैन ) राम्ररी मिसाई बाकसको माथिल्लो भाग एक डेढ इन्च जति खाली राखी मल माटोको मिश्रणले बाकस भर्नु पर्दछ ।

यसरी मल माटोले भरी सकेपछि बीउ छर्ने र सुकेको गहुंको नल वा पराल वा खरले छोपी दिनु पर्दछ । जाडो याममा छ भने प्लास्टीकले हावा नछिर्ने गरी टम्म पारेर छोपी दिने र दिनमा घाम लाग्ने ठाउंमा राखी दिनु पर्दछ र रातमा घर भित्र वा ओतीलो ठाउंमा बाकस राख्नु पर्दछ । बीउ उम्रन थालेपछि बाकस बाट प्लास्टीक वा पराल वा छ्वाली हटाई दिनु पर्दछ ।

त्यसपछि तुरुन्तै प्रति लिटर पानीको दरमा ३ ग्राम क्याप्टेन वा डाईथेन एम ४५ वा बेभिस्टीन ढुस्सी नासक बिषादी मिलाई स्प्रे गर्नु (छर्नु ) पर्दछ । यी ढुस्सी नासक बिषादीले बेर्नाहरु ढल्ने, जरा, पात र डांठमा लाग्ने बिभिन्न प्रकारका रोगहरुबाट बेर्नाहरु बचाउन मद्धत गर्दछ ।

**(ग) प्लास्टीकको थैलामा बेर्ना उमार्ने तरिका:**

बाकसको लागी प्रयोग गरिने जस्तै गरी मल, माटो र बालुवाको मिश्रण बनाई ४-६ इन्चको प्लास्टीकको थैलामा भर्नु पर्दछ । थैलाको तल्लो भागमा पानी निकासको लागी स-साना प्वालहरु बनाएको हुनु पर्दछ। बीउ लगाईएको प्रत्येक थैलामा बीउ नउम्रे सम्म पानी पटाई रहनु अति जरुरी हुन्छ । यस्ता थैलाहरु ठण्डी तथा तुषारो बाट बचाउनको लागी गुमोज भित्र वा रातमा घर भित्र न्यानो ठाउंमा राख्नु पर्दछ । तर घाम लागेको बेला तुरुन्तै बाहिर निकाल्नु अतिनै जरुरी हुन्छ भने गुमोज भित्र राखिएको भए घाम लागेको बेलामा प्लास्टीकको केहि भाग खोल्नु पनि त्यतिकै जरुरी हुन्छ । घाम लागेको समयमा खोलिएन भने बेर्नाहरु सबै ओईलाएर मर्दछन् अनि घर भित्रै राखिरह्यो भने प्रकाशको अभावमा बिरुवाले प्रकाश सम्सलेशन कृया गर्न नपाई बेर्नाहरु पहेंलिएर मर्दछन् ।

बर्षा मौसममा बेर्ना सार्दा भुल्न नहुने कुराहरु:

बर्षातको याममा बेर्नाहरु भिरालो जमिन बाहेक अन्य ठाउंमा खेती गर्दा ड्याङ्ग बनाई सार्नु पर्दछ । बर्षातको समयमा बेर्ना सार्ने बित्तिकै बेर्नाको वरीपरी सुकेको घांस, झारपात तथा परालले छापो ( मल्चीङ्ग ) दिनु पर्दछ । बर्षातको मौसममा बढी मात्रामा किराहरुले आक्रमण गर्ने भएकोले बेर्नाहरु सार्नु भन्दा अगाडी मालाथीयन धुलो १ के.जी प्रति रोपनीको दरमा माटो उपचार गर्नु पर्दछ । बेर्नामा लाग्ने कीराहरुको लागी नुभान बिषादी २ यम.यल प्रति लिटर पानीको दरमा घोल बनाई छर्नु पर्दछ ।

कीरा नियन्त्रणको लागी १ के.जी गहुंको पीठो, २०० ग्राम चिनी वा सखर, ५० ग्राम मालाथीयन वा अल्ड्रीनको धुलो , खाने तेल २ चिया चम्चा सबै एकै ठाउंमा मिसाई मिश्रण बनाउने र यीनै मिश्रणलाई बिषादीको रुपमा चाहारा बनाई ठाउं ठाउमा राखी दिनु पर्दछ ।

**ठण्डी मौसमको बेला बेर्ना रोप्दा भुल्न नहुने कुराहरु:-**

ठण्डी मौसममा बेर्ना सार्दा बेर्नाको वरिपरी सुकेका घांस, झारपात तथा परालले छापो दिनु राम्रोहुन्छ । ठण्डी मौसममा बेर्नाहरु सारी सकेपछि ठण्डी वा तुषारो बाट बचाउन १० इन्च चौडा १५ इन्च लम्बाई भएको प्लास्टीक थैलाले स-साना बांस वा अन्य छेस्काको सहयोग बाट बेर्नालाई पुरै ढाकी छोप्न सकिन्छ । यसरी छोप्ने प्लास्टीकको माथिल्लो भागमा प्वालहरु बनाउन जरुरी हुन्छ ।

घाम लागेको समयमा प्लास्टीक हटाउन भुल्नु हुंदैन र घाम डुबी सकेपछि पुनः बिरुवा लाई बाधा नपुग्ने गरी छोपी दिनाले बेर्नाहरु छिटो बढ्न सकि छिटै फल दिन सक्षम हुन जान्छन् । स्नोबल काउली, कोपन हेगन बन्दा आदिको बेर्ना मंसिर-पौष महिनामा रोप्दा ठण्डीको कारणले बेर्नाको बृद्धि बिकास ज्यादै ढीलो हुने हुंदा सम्भव भए सम्म बेर्नाको चारैतीर बाक्लो हुने गरी सुकेको खर वा परालको छापो दिन सकेको खण्डमा माटोमा तापाक्रम बढ्न गै सहि ढंग बाट बिरुवाले खाद्य तत्व लीन सक्ने हुन्छ र बिरुवा छिटो बढ्न जान्छ अनि उत्पादन पनि बढी लीन सकिन्छ ।


## जाडोबाट बच्न निम्न उपायहरु अबलम्बन गरौं

- तातो झोलिलो पदार्थको प्रशस्त मात्रामा पिउने गरौं ।
- न्यानो कपडा लगाऔं । घाम वा आगो तापौं। तेल मालिस गरौं ।
- बालबालिका, जेष्ठ नागरिक तथा अशक्तले सकेसम्म चिसोको समयमा घरबाहिर ननिस्कौं ।
- ताजा र पौष्टिक खानेकुरा खाऔं ।
- जाडोबाट बच्ने नाममा धुम्रपान तथा मध्यपान नगरौं ।
- स्वास्थ्यमा कुनै समस्या परेमा स्वास्थ्यकर्मीहरुसँग परामर्श लिऔं।

अनुरोधक :
स्वास्थ्य कार्यालय, प्यूठान



## कृषि तथा पशुपालन सम्बन्धी सामान चाहिएमा हामीलाई सम्झनुहोस

उन्नत स्थानीय र हाइब्रिड जातका तरकारी तथा अन्नवालीका बिऊ बिजन, किटनाशक तथा ढुसी नासक विषादी, कुखुरा, बङ्गुर, कालिज, टर्कि, गाई भैसी र बाख्राका दाना, गाई भैसीमा कृत्रिम गर्भाधान सेवा, गुणस्तरीय ब्रोइलर, लेयर्स, कालिज, टर्कि गिरिराज, कडकनाथ चल्ला, पशुपन्छीहरुको औषधी उपचार सेवा चाहिएमा सेवा गर्ने मौका दिनुहोला।

**किसान एग्रोभेट,**
**किसान एग्री एण्ड फिड सप्लायर्स**
**प्यूठान नपा-४, जुम्रि प्यूठान**


**सम्पर्क फोन : ९८४७८३९१४३, ९८६८६६८७८८**

नोट : हामीकहाँ २४ सै घण्टा पशु पालन सम्बन्धी प्राविधिक परामर्श सेवा उपलब्ध छ ।


## माघ महिनामा गरीने कृषि कर्मबारे जानीराखौं ।

- वर्षे आलु लगाई सक्ने बेला भयो ।
- पतझड फलफूलको काँटछाँट गरी बोर्डो पेष्ट लगाउने ।
- हिउँदे फलफूलको बिरुवा लगाउने । फलफूलको काँटछाँट गरी मल दिई सिंचाई गर्ने र फेदमा मल्चीङ गर्ने ।
- माटो परिक्षणको लागी प्रयोगशाला वा माटो शिविरमा पठाउने ।
- मकैबाली लगाउनको लागि जमिन खन जोत गरी कम्पोष्ट मल मिलाई जग्गा तयार गर्ने ।
- कन्ये च्याउन खेती सुरु गर्ने ।

# हर्निया के हो ?
# कारण, समस्या र उपचार



डा. यूगल ज्योती नेपाल

हर्नियाको नाम धेरैले सुन्नु भएको होला । तर हर्निया के हो, यो किन हुन्छ, औषधि खाएर नीको हुन्छ कि अपरेशन नैगर्नु पर्छ भन्ने बारे धेरैलाई थाहा नहुन सक्छ । यस्तै जिज्ञासालाई समेटेर यो लेख तयार पार्ने कोशिस गरेको छु ।

**हर्निया के हो ?**

शरीरको कुनै अंग आफुलाई सम्हालने भित्ताको कमजोरीका कारण त्यही भित्ताबाट बाहिर निस्कनुलाई हर्निया भनिन्छ। भित्ता भन्नाले प्रायः जसो छाला भित्रको मांसपेशीलाई बुझिन्छ । यही मांसपेशी कुनै कारणवस कमजोर भएमा पेट भित्रको आंद्रा अथवा बोसो बाहिर निस्कन्छ जस कारण शरीरमा डल्लो देखा पर्छ । हर्नियाको कारणले आएको डल्लो वा गिरखा गिलो हुन्छ भने यस्तो गिरखा कुनै बेला ठुलो हुने त कुनै बेला हराउने गर्न सक्छ । पेट भित्रको प्रेशर बढ़ने काम गर्दा गिरखा ठुलो हुन्छ भने पल्टिदा वा पेट भित्रको प्रेशर कम हुदा सो गिरखा सानो हुन सक्छ वा हराउन सक्छ ।

**हर्नियाका प्रकार** :

माथि लेखिएका हर्नियाको विवरण बाहिरबाट देखिने हर्नियाहरुको हो। तर हर्निया बाहिरबाट आँखाले नदेखिने खालका पनि हुन सक्छन्। दिमागमा, छातीमा वा पेटभित्र जहाँ पनि हर्निया हुन सक्छ । तर धेरै हुने हर्निया काछको वरिपरि आउने गर्छ । यस किसिमको हर्निया प्राय :जसो बुढापाकामा हुने गर्छ । तर यसो भन्दै गर्दा हर्निया जुन सुकै उमेर समुहका मानिसलाई हुन सक्छ र पुरुष महिला दुबैलाई हुन सक्छ । बच्चा पेट भित्र हुँदा अंडा पेट भित्र हुन्छ र जन्मने समयमा बिस्तारै तल झर्दै अंडकोषमा आई पुग्छ। अंडकोषमा अंडा झरिसके पछि पेट देखि अंडकोषसम्मको बाटो पुरिन्छ । तर कुनै कारणवस सो बाटो पुरिएन भने सोही बाटोबाट पेट भित्रको पानी वा आंद्रा, बोसो बाहिर अंडकोषसम्म निस्कन सक्छ । बच्चामा हुने यस्तो हर्नियालाई जन्मजात हर्निया भनिन्छ । त्यसै गरी पहिला कुनै अपरेशन गरेको छ भने अपरेशन गरेको घाउबाट पनि हर्निया हुन सक्छ ।

**हर्नियाका कारण** :

हर्निया विभिन्न प्रकारका हुने भएकाले यसका कारण पनि विभिन्न हुन्छन्। जहाँको हर्निया हो त्यस ठाउँको प्रेशर भने बढेको हुन्छ वा त्यस ठाउँको मांसपेशी कमजोर भएको हुन्छ । पेटबाट निस्कने हर्नियामा पेट भित्रको प्रेशर बढेको हुन्छ वा पेटको मांसपेशी कमजोर भएको हुन्छ । मांसपेशी कमजोर हुनुको मुख्य कारण मध्ये चुरोट एक हो ।

चुरोट पिउनेहरुमा मांसपेशी कमजोर हुने पाइएको छ, जस कारणले चुरोट पिउने बुढापाकामा हर्निया धेरै हुन्छ । पहिले अपरेशन गरिसकेको मांसपेशी कमजोर भएको हुन्छ, र सो घाउबाट हर्नियाको संभावना बेसी हुन्छ। धेरै खोकी लाग्ने, दमको बिरामी, गर्भवती अवस्था, धेरै कब्जियत हुने बिरामी, पिसाब फेर्न बल गर्नु पर्ने अवस्थाहरुमा पनि हर्निया हुने संभावना धेरै हुन्छ ।

**हर्नियाले निम्त्याउने जटिलता**

हर्नियालाई उपचार नगरी राख्ने हो भने बाहिर निस्केको आंद्रा अड़किने संभावना हुन्छ । अड़केको आंद्राको कारणले पेट फुल्ने, बन्ता हुने, दिसा नहुने देखी लिएर अड़केको आन्द्रामा रगत नपुगेर आंद्रा कुहिने समस्या समेत हुन सक्छ । यसो भयो भने आंद्रा काटेर जोड़ने ठुलो अपरेशन गर्नु पर्छ र ज्यानको जोखिम समेत हुन सक्छ।

**हर्नियाको उपचार** :

हर्निया भनेको शरीरको अंग बाहिर निस्कनु हो भनेर प्रस्ट भयो । यसरी अंगनै बाहिर आउने रोगलाई कुनै औषधिले ठिक गर्न सक्दैन । यसको उपचार भनेको अपरेशन नै हो । प्यूठानको १ बर्षको बसाईमा मैले ४० वटा भन्दा बढ़ी अपरेशन गरिसकेको छु । जस मध्ये धेरै बिरामी बृद्ध हुनु हुन्छ, त्यस पछि बच्चा, महिला, पुरुष गरी सबैको हर्नियाको अपरेशन प्यूठान अस्पतालमा भईराखेको छ। सबै खालको हर्नियाको उपचार अहिले प्यूठानमा संभवछ। प्यूठानमा हर्निया भएका बिरामी अझै थुप्रै हुनु हुन्छ । यदि सबैको उपचार गर्न सकियो भने हर्नियाको कारणले हुने जटिलताबाट बच्न सकिन्छ ।

**हाल डा. यूगल ज्योती नेपाल (जनरल सर्जन) प्यूठान अस्पतालमा कार्यरत छन।**


## सुनौलो अवसर ! सुनौलो अवसर !! सुनौलो अवसर !!!

स्वास्थ्य कार्यालय, प्यूठानको आयोजना तथा सुनौलो परिवार नेपालको सहयोगमा मिति २०७८/११/०३ गतेदेखि प्यूठान जिल्लाका तपसिलमा उल्लेखित मिति र स्थानमा परिवार नियोजन स्थायी बन्ध्याकरण महिलाहरुको लागि मिनिल्याप र परुषहरुका लागि भ्याक्सेटोमी गर्न शिविर राखिएको हुँदा सन्तानको रहर पुगेको इच्छुक दम्पतीहरुले आफूलाई पायक पर्ने स्थानमा गई सेवा लिनहुन अनरोध छ ।

**तपसिल**

| शिविर सञ्चालन मिति | शिविर सञ्चालन हुने स्थान | सेवा क्षेत्र |
|---|---|---|
| २०७८/११/०३ | बड्डाँडा आधारभुत स्वास्थ्य सेवा केन्द्र | सरुमारानी गाउँपलिका |
| २०७८/११/०४ | देविस्थान स्वास्थ्य चौकी | माण्डवी गाउँपलिका र स्वर्गद्वारी नगरपासिलका |
| २०७८/११/०६ | बाहाने सामुदायिक स्वास्थ्य इकाई | नौबहिनी गाउँपलिका |
| २०७८/११/०८ | पुँजा स्वास्थ्य चौकी | गौमुखी गाउँपलिका |
| २०७८/११/०९ | ओखरकोट स्वास्थ्य चौकी | झिमरुक गाउँपलिका |
| २०७८/११/११ | धुवाङ स्वास्थ्य चौकी | ऐरावती गाउँपलिका |
| २०७८/११/१३ | सापडाँडा स्वास्थ्य चौकी | प्यूठान नगरपालिका र मल्लरानी गाउँपलिका |

नोटः बिस्तृत जानकारीका लागि नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुहोला । महिलाले स्थायी बन्ध्याकरणका लागि खालीपेट आउनुपर्नेछ।

अनुरोधक : स्वास्थ्य कार्यालय, प्यूठान


# व्यक्तिगत सफाई, स्वस्थ बालबालिका

**बालबालिकाको उमेर, विकासात्मक अवस्था, क्षमता अनुसार व्यक्तिगत सरसफाई कसरी गरीदिने र गर्न सिकाउने?**



अभिभावकले आफ्नो र आफ्नो शिशु/बालबालिकाको व्यक्तिगत सरसफाई दैनिक गर्ने कामहरू मध्येको प्रमुख काम मानिन्छ । व्यक्तिगत सरसफाई गर्नाले बालबालिका विभिन्न रोग जस्तै, आँखा पाक्ने, दाँत किरा लाग्ने, जुम्रा चाया पर्ने, दाद,लुतो, छालाको ढुसी, किर्ना, जुका आदिबाट बच्न सक्छन् ।

व्यक्तिगत सरसफाईको अभावमा निद्रा र खानपिनमा अरुचि हुने मात्र नभइ बालबालिकाको वृद्धिविकासमा समेत अवरोध आउँछ । विशेष गरी दिनदिनै बाहिरबाट फर्केपछि बालबालिकालाई हातखुट्टा साबुनपानीले धुन दिँदा रुघाखोकी र पखाला लाग्न कम भएको विभिन्न अनुसन्धानले देखाउँछ । गर्भवती महिलाले पनि आफ्नो व्यक्तिगत सरसफाई गर्नुपर्दछ । त्यसैगरी नवजात शिशुको समेत सरसफाई गरीदिनु पर्दछ । तेलमालिस गर्नु अघि विहानको घाममा मनतातो पानीमा नरमकपडा भिजाएर शिशुको आँखाको चिप्रा, कान पछाडी, काखी, कपालमा भएका सेतो पाप्रा (जुठो, भर्निक्स) पुछिदिनुपर्दछ। नवजात शिशुलाई २४ घण्टासम्म नुहाइदिनु हुँदैन। चिकित्सकका अनुसार स्थानीय मौसम अनुसार स्वस्थ शिशुलाई (मन तातोपानीले) हप्तामा दुई पटक नुहाइदिन सुझाव दिइएको छ । तर अस्वस्थ, कमतौलको शिशुलाई नुहाएमा समस्या आउने हुनाले स्वास्थकर्मीको सल्लाह बमोजिम मात्रै नुहाइदिनुपर्छ ।

शिशु/बालबालिकाको उमेर, विकासात्मक अवस्था, क्षमता अनुसार सरसफाई गरीदिने र सँगसँगै गर्न सिकाउनुपर्छ बालबालिकालाई दिनको २ पटक दाँत माझ्न सिकाउनु पर्दछ । दन्त चिकित्सक संघहरूका अनुसार शिशुको दाँत आए देखिनै दाँत मुख सफा गरी दिनु पर्दछ । शिशु ३ वर्ष पुगेपछि दिनहुँ दाँत माझिदिने र माझ्न सिकाउनु पर्छ । हात गोडा आदि धुने, नुहाउने, समय समयमा नङ काट्ने, कपाल काट्ने गरीदिनुपर्छ ।

**चर्पीको सही प्रयोग**

बालबालिका दुईदेखि तीन वर्षको उमेर पुगेपछि बिस्तारै निश्चित ठाउँ वा शिशुमैत्री पटी (बाल कोपरा)मा दिसा पिसाब गर्ने तालिम गराउनु पर्दछ । शिशुले दिसा पिसाब नियन्त्रण गर्न सक्षम बनाउन यस्तो तालिम दिनु पर्दछ । बालबालिकाको दिसापिसाब चर्पीमा बिसर्जन गराउनु पर्छ ।

खाना खानु अघि र पछि, दिसा पिसाब वा चर्पीको प्रयोग गरीसकेपछि साबुनपानीले मिचीमिची हात धोएर देखाउने र धोइदिनुपर्छ । घरबाहिर चर्पी जाँदा चप्पल/जुत्ताको प्रयोग गर्न लगाउनुपर्दछ ।

**बालबालिकालाई नुहाइ धुवाई**

आमाबाबुले बालबालिकालाई नुहाइदिनु अघि सफा लुगा, रुमाल, साबुन, मनतातो पानी, बस्ने बाटा वा पिड्का, मग, खाली बोतल, तैरने खेलौना आदि तयार गर्नुपर्दछ । नुहाउने क्रियाकलाप बारे रमाइलो ढङ्गले (के, कसरी) भन्नुपर्दछ । पहिले उनीहरूलाई पानी, साबुन खेल्न (फिंज निकाल्न) अनुभव गर्न र हेर्न दिनुपर्छ ।



बाटा वा पीड्कामा बसेपछि खुट्टाको सफाईदेखि शुरु गरेर कुमसम्म साबुन लगाउन उनीहरूलाई प्रोत्साहन गर्नुपर्दछ र पानीले पखालिदिनुपर्दछ। अब शिशु/बालबालिकालाई आफ्नो काखमा लिएर कपाल नुहाइदिनुपर्छ । आँखा, कान, नाकभित्र नपर्ने गरी पखाली दिनुपर्छ । पुछ्नको लागि उनीहरूलाई आफैलाइ पनि प्रोत्साहन गर्नुपर्छ ।

लुगा लगाउने क्रममा लुगाको नाम, यसको रङ, आकार बारे बताउनुपर्छ। त्यसैगरी टाँक, हुक, जिपर लगाउन सिकाउनुपर्दछ। शिशु/बालबालिकालाई सरसफाई र नुहाइसकेपछि सफा लुगा लगाउन र लगाइसकेको लुगाहरू धुनुपर्छ भन्ने बताउनुपर्दछ । बालबालिकालाई मौसम र स्थानीय वातावरण अनुसार नियमित (हप्ताको २ पटक) मनतातो पानीले नुहाइदिने र लुगा कपडाहरू धोइ दिनुपर्दछ ।

*युनिसेफ नेपालले तयार पारेको ।*

तपाइको घर तथा अफिस अफिसको साथी .......

# हाम्रो राम्रो डेकोर एण्ड मल्टि सप्लायर्स

प्रो. सन्देश आचार्य (९८५७८३१९४७, ९८४८१६५१४७)



घर तथा अफिस सजावटका सम्पूर्ण फर्निचर तथा फर्निसिङ सामग्रि आवश्यक परेमा हामीलाई सम्झनुहोस् ।

मो.नं.: ९८५७८३३४५५

# पृथ्वी एग्रोभेट सेन्टर

प्यूठान न.पा.-८, बाग्दुला प्यूठान



हामिकहाँ विभिन्न प्रकारका बिउबिजन, विषादी, कम्बाईन मिल, मिनिटिलर, थ्रेसर, रोटामेटर, लगायत कृषि सम्बन्धी सम्पूर्ण सामग्री उपलब्ध छ।

तपाइको घर तथा अफिस सजाउने जिम्मेवारी अब हाम्रो .......

# राज डेकोर होम

9857821586



घर तथा अफिस सजावटका सम्पूर्ण फर्निचर तथा फर्निसिङ सामग्रि एउटै छानामुनी सुपथ मुल्यमा उपलब्ध छ

## स्वच्छ बजार सञ्चालनमा मद्धत पुऱ्याऔं ।

बजारमा वस्तु तथा सेवाको मुल्य र गुणस्तरमा शंका लागेमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग वा सहायक प्रमुख जिल्ला अधिकारी वा स्थानीय तहका निरिक्षण अधिकृतलाई जानकारी गराऔं । स्वच्छ बजार सञ्चालनमा मद्धत पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## गाउँपालिका वासिलाई अनुरोध

१) जन्म, मृत्यु, बसाईसराई, बिवाह दर्ता जस्ता घटना ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरौं ।

२) मालपोत लगायतका दस्तुर समयमै बुझाई जिम्मेवार नागरिक बनौं ।

३) कृषिमा आत्मनिर्भर, पशुपालनमा युवा सहभागिता बढाएर स्वरोजगार बनौं ।

४) आफ्नो सन्तानलाई सक्षम एवम् शिक्षित बनाउन विद्यालय पठाऔं।

५) गाउँ टोलको विकास निर्माण कार्यमा सहभागिता जनाऔं ।

६) बाँझो जमिन उपयोग गरी खाद्यान्न संकट हटाउनुमा जोड दिऔं ।

७) रुख, बिरुवा बृक्षारोपण गरी वातावरण हरीयाली बनाऔं ।

८) पूर्ण सरसफाई तथा हिंसा मुक्त समाज निर्माणमा सहयोग गरौं ।

९) आर्थिक कार्यमा महिला सहभागितामा जोड दिऔं ।

१०) बाल बिवाह रोकौं, छोरीको उज्ज्वल भविष्यको लागि आजैदेखि सोचौं ।

११) लैंङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खबरदारी गरौं ।

१२) गाउँपालिकाबाट इजाजत लिएर मात्र घर निर्माण तथा ब्यवसाय सञ्चालन गरौं ।

अनुरोधक
**सरुमारानी गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय, बड्डाँडा प्यूठान

## गाउँपालिका वासिलाई अनुरोध

१) जन्म, मृत्यु, बसाईसराई, बिवाह दर्ता जस्ता घटना ३५ दिनभित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गरौं ।

२) मालपोत लगायतका दस्तुर समयमै बुझाई जिम्मेवार नागरिक बनौं ।

३) कृषिमा आत्मनिर्भर, पशुपालनमा युवा सहभागिता बढाएर स्वरोजगार बनौं ।

४) आफ्नो सन्तानलाई सक्षम एवम् शिक्षित बनाउन विद्यालय पठाऔं।

५) गाउँ टोलको विकास निर्माण कार्यमा सहभागिता जनाऔं ।

६) बाँझो जमिन उपयोग गरी खाद्यान्न संकट हटाउनुमा जोड दिऔं ।

७) रुख, बिरुवा बृक्षारोपण गरी वातावरण हरीयाली बनाऔं ।

८) पूर्ण सरसफाई तथा हिंसा मुक्त समाज निर्माणमा सहयोग गरौं ।

९) आर्थिक कार्यमा महिला सहभागितामा जोड दिऔं ।

१०) बाल बिवाह रोकौं, छोरीको उज्ज्वल भविष्यको लागि आजैदेखि सोचौं ।

११) लैंङ्गिक हिंसाको विरोध गरौं । ज्येष्ठ नागरिक, एकल महिला एवम् अपाङ्गता भएका व्यक्तिहरुको लागि वितरण गरीने सामाजिक सुरक्षा भत्ता र अन्य लक्षित कार्यक्रममा हुन सक्ने दुरुपयोगमा खबरदारी गरौं ।

१२) गाउँपालिकाबाट इजाजत लिएर मात्र घर निर्माण तथा ब्यवसाय सञ्चालन गरौं ।

अनुरोधक
**नौबहिनी गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय, बाहाने प्यूठान

झुलेनी युनाईटेड नेटवर्क प्रा.लि. प्यूठानद्वारा प्रकाशित झुलेनी पोष्ट साप्ताहिक
अध्यक्ष : गिरुप्रसाद भण्डारी (९८५७८३३०५१), सम्पादक : दीपा घर्ति (९८५७८३६६७२)
कार्यालय : प्यूठान न.पा.-४, बिजुवार भौकारोड, (फोन : ०८६-५९०४३६) इमेल : jhulenipyuthan@gmail.com मुद्रण : पौरखी अफसेट प्रेस बाग्दुला प्यूठान